वर्ष : १५, अंक : ३२, काठमाडौं, २०७६ मंसिर २० गते शुक्रबार, 6 December 2019, Friday पृष्ठ : ८, मूल्य रू : १०

राष्ट्रिय एकता, राष्ट्रियता र मधेशवादप्रति समर्पित www.madheshvani.com

राष्ट्रिय साप्ताहिक

# मधेशवाणी

The Voice of Madhesh

पत्रकार सम्मेलन, सभा, गोष्ठी वा बैठक गर्नुपरेमा हामीलाई सम्झनुहोस्।

कुनै सभा, गोष्ठी, सम्मेलन, बैठक वा पत्रकार सम्मेलन गर्नुपरेमा ६० देखि ७० जनासम्म अटाउने क्षमता भएको हल मधेश मिडिया हाउसमा सम्पर्क राख्नुहोस् ।

| शुल्क | सेवा |
|---|---|
| रू. ५०००।- (पाँच हजार मात्र) | फोन, फ्याक्स, इमेल |

मधेश मिडिया हाउस

हनुमानस्थानचोक, अनामनगर, काठमाडौं

फोन नं. : ०१-५७०६१४१, ९८०८१२५०२४

ई-मेल : madheshmediahouse @gmail.com

## मधेशीलाई निःशुल्क लोक सेवाको तयारी

काठमाडौं । मधेशी आयोगले लोक सेवा तयारी कक्षा चलाउने भएको छ । लोक सेवा आयोगको अधिकृतस्तरको परीक्षामा सामेल हुन योग्य मधेशी समुदायका व्यक्तिहरूलाई आयोगले तयारी कक्षामा सहभागी गराउन लागेको हो । आयोगले पुस १ गतेबाट तयारी कक्षा सुरू हुने सार्वजनिक सूचना निकालेर जनाएको छ ।

आयोगले निःशुल्क कक्षामा सहभागी हुन चाहने इच्छुकलाई सात दिनभित्र निवेदन दिन आग्रह गरेको छ । नेपाली नागरिकताको प्रमाणपत्र, स्नातक तह उत्तीर्ण शैक्षिक योग्यताको प्रमाणपत्र र मधेशी समुदाय हो भन्ने प्रमाणित भएको प्रमाणपत्रको प्रतिलिपीसहित आवेदन दिन आयोगले आग्रह गरेको हो ।

यस्तै मस्लिम आयोगले पनि लोकसेवाको तयारी कक्षा सञ्चालन गर्न लागेको हो । तयारी कक्षाका लागि मुस्लिम आयोगले ५० जनालाई पढाइने जनाएको छ भने मधेसी आयोगले संख्या खुलाएको छैन् । त्यस्तै मुस्लिम समूदायका विधार्थीले आयोगको कार्यालय जावलाखेलमा आवेदन दिन सक्नेछन् ।

मधेशी आयोगले यस्तो कक्षा पहिलो पटक गर्न लागेको हो भने मुस्लिम आयोगले यसअघि पनि तयारी कक्षाहरू निःशुल्क रूपमा सञ्चालन गर्दै आइरूहेको थियो ।

मधेशी र मुस्लिम आयोगहरूले चलाउन लागेको यस्ता तयारी कक्षा निश्चय पनि प्रशंसनीय छ तर यस्ता कक्षाहरू काठमाडौंमा मात्र सिमित रहँदा यसले ठूलो संख्यामा लक्षित वर्गलाई समेटन नसक्ने पनि निश्चित छ । यी आयोगहरूले यस्ता कक्षाहरू सम्बन्धित क्षेत्रमा पनि चलाउनु पर्ने आवाज पनि उठेको छ ।

## अब राष्ट्रियसभा सदस्य निर्वाचनको पालो

काठमाडौं । प्रतिनिधिसभा सदस्य, प्रदेशसभा सदस्य र स्थानीय तहको उपनिर्वाचन सम्पन्न भएसँगै अब राष्ट्रियसभा सदस्यको निर्वाचन हुने भएको छ ।

**पद रिक्त हुनेहरू**

| | |
|---|---|
| सरिता प्रसाई | डा युवराज खतिवडा |
| सुरेन्द्रराज पाण्डे | युटोल तामाङ |
| हरिचरण सिवाकोटी | रमेशप्रसाद यादव |
| रामप्रित पासवान | राजकुमार यादव |
| विन्दादेवी आले | दुर्गाप्रसाद उपाध्याय |
| वृषेशचन्द्रलाल | धनकुमारी खतिवडा |
| बद्रीप्रसाद पाण्डे | कमलाकुमारी ओली |
| बलरामप्रसाद बाँस्कोटा | कालीबहादुर मल्ल |
| मीना बुढा | खेमराज नेपाली |
| मुक्ताकुमारी यादव | |

राष्ट्रियसभा सदस्य निर्वाचनका निम्ति संघीय संसद्बाट आयोगलाई अनुरोध पत्र प्राप्त भइसकेको छ । उनान्नसाठी सदस्यीय राष्ट्रियसभाका सदस्यमध्ये १८ जना सदस्यको आगामी फागुन २० गतेदेखि पद रिक्त हुँदैछ ।

निर्वाचन आयोगका प्रमुख निर्वाचन आयुक्त दिनेश थपलियाका अनुसार आगामी माघको १५ गतेभित्रै राष्ट्रियसभाको निर्वाचन हुनेछ । राष्ट्रियसभाको सदस्यको पदावधि सकिनुभन्दा ३५ दिन अगाडि नै निर्वाचन गरिसक्नुपर्ने कानूनी व्यवस्था रहेको छ ।

राष्ट्रियसभाका एक तिहाइ सदस्यको पदावधि प्रत्येक दुई वर्षमा समाप्त हुने संवैधानिक व्यवस्था छ । फागुन २० गते दुई वर्षे कार्यकाल पूरा गर्ने नेपाल कम्युनिष्ट पार्टी(नेकपा)का नौ, नेपाली काँग्रेसका सात, राजपाका दुई र समाजवादी पार्टीका एक जना छन् ।

# मधेशमा उपनिर्वाचनको परिणाम

## समाजवादी र राजपालाई हर्ष न विस्मात्

**मधेशवाणी डेस्क**

काठमाडौं । गत शनिबार सम्पन्न भएको उपनिर्वाचनमा मिश्रित परिणाम आएको छ । उपनिर्वाचनबाट सत्तारूढ दललाई धक्का लागेको छ भने प्रमुख प्रतिपक्षी दल नेपाली कांग्रेसले पनि चुनाव अघि दावा गरेजस्तो परिणाम निकाल्न सकेको छैन ।

मतदाताले सरकारको नेतृत्व गरेको दललाई धेरै नमात्तिन र जनताको पक्षमा काम गर्न सचेत गराएका छन् भने प्रतिपक्षी नेपाली कांग्रेसलाई अझ सुध्रिन सन्देश दिएका छन् ।

त्यसैगरी यो चुनावले वैकल्पिक शक्तिका रूपमा आफूलाई दावी गर्ने दलहरूलाई पत्याएको देखिएन् । मधेशी दलहरूको पक्षमा त परिणाम गएकै देखिएको छन । उनीहरूलाई यो उप निर्वाचन हर्ष न विस्मात जस्तै भयो । उपनिर्वाचनमा उनीहरूको नतिजा औसत रह्यो ।

यो चुनावमा धेरैले सरकारको कामको मुल्यांकन हुने बताएका थिए । चुनावी परिणाम हेर्दा करिब दुई तिहाई निकटको पूर्ण बहुमतको सरकारप्रति नागरिक सन्तुष्ट हुन सकेको देखिएन । पोखरा र दाङमा सहानुभूतिको भोट वाहेक यसपटक अरू ठाउँमा नेकपाको स्थिति भने पहिलेभन्दा निकै कमजोर देखियो । यसअघि जीत हासिल गरेका सिट पनि उपनिर्वाचनमा नेकपाले गुमाएको छ ।

केन्द्रमा दुई तिहाइसहितको सरकार र ६ वटा प्रदेश सरकारको नेतृत्व गरिरहेको नेकपाले यदि जनअपेक्षा र आफैले गरेको प्रतिवद्धता वमोजिम काम गर्दो हो त यतिबेला पक्कै पनि यो सानो उपनिर्वाचनमा उसको राम्रो नतिजा प्राप्त गर्थ्यो । त्यति नभए पनि यसअघि जितेका सिटहरू यसपटक रक्षा गर्थ्यो । यो मत परिणामबाट पाँच वर्षका लागि चुनिएको केपी शर्मा ओली नेतृत्वको सरकारले जनअपेक्षा अनुसार काम नगरेको जनमत बनेको देखिन्छ ।



### बजेन लाउडस्पिकर



उपनिर्वाचनमा प्रदेश २ मा पुराना दलबाहेक आकर्षणको केन्द्रमा सिके राउत नेतृत्वको जनमत पार्टी पनि थियो । मूलधारको राजनीतिलाई स्वीकार गर्दै राउतको पार्टी पहिलो पटक चुनावी मैदानमा उत्रिएका थिए । यो निर्वाचन उनले उठाएका मुद्दालाई कति जनसमर्थन प्राप्त छ भन्ने परीक्षणका रूपमा हेरिएको थियो ।'लाउडस्पीकर' चुनाव चिन्ह लिएर मैदानमा उत्रिएका राउतले ९ जना उम्मेदवारहरूलाई चुनावी मैदानमा उतारेका थिए । तर कुनै पनि उम्मेदवारहरूले सन्तोषजनक मत ल्याउन सकेनन् । कोही उम्मेदवार त झन् शुन्य मतमा सिमित रहे ।

जनमत पार्टीको उद्देश्य उपनिर्वाचनमा भाग लिएर जित्नु थिएन । उसले मधेशको मुद्दालाई 'क्यास' गर्न खोजेको हो । यदि यसो भयो भने नयाँ राजनीतिक समीकरण अवश्यम्भावी छ र यस अवस्थामा राजनीतिको मूल लाभ कसले प्राप्त गर्ने हो यसै भन्न सकिने अवस्था छैन । समाजवादी पार्टी र राजपाबीचको एकीकरण प्रयासलाई यसै सन्दर्भसँग जोडेर हेर्न सकिन्छ । डा. बाबुराम भट्टराई, उपेन्द्र यादव र अशोक राई एकीकृत रहेको पृष्ठभूमिमा समाजवादी र राजपाबीचको एकीकरणपछि भविष्यमा मधेशका नाममा राजनीति गर्ने एक मात्र जनमत पार्टी हुने सम्भावनालाई अस्वीकार गर्न पनि सकिँदैन । अब हुने निर्वाचनमा मधेशको उपस्थिति कस्तो हुने भन्ने अहिलेको मुख्य सवाल हो । कांग्रेस र मधेशी दल लोकतान्त्रिक अवधारणामा विश्वास गर्छन् । यस्तोमा प्रश्न उठ्छ, भोलिका दिनमा मधेशमा कसको कोसँग प्रतिस्पर्धा हुन्छ भन्ने अहम प्रश्न पनि हो ।

अर्कोतिर नेकपालाई सोझो टक्कर दिने भूमिका पाएको प्रमुख प्रतिपक्षी दल नेपाली कांग्रेसप्रति पनि नागरिक विश्वस्त छैनन । पाँच वर्षका लागि ढुक्क भए पनि अस्थिर सरकार जस्तै देखिएको ओली सरकारका धेरै असफलतालाई प्रतिपक्षी दलले विषय बनाउन सकेन । साथै आफूले त्यस खालको बहुमत पाए के गर्न सकिन्थ्यो भन्ने विश्वास पनि जनसमक्ष प्रस्तुत गर्न सकेको देखिएन ।

त्यस्तै मधेशमा आफ्नो जनआधार तयार पारेका समाजवादी पार्टी र राजपा जस्तै आफूलाई नयाँ वैकल्पिक शक्तिको वकालत गर्दै आएको साझा पार्टी र विवेकशील लगायतका दलप्रति नागरिकको विश्वास अझै जाग्न सकेको देखिएन । पुराना शक्तिहरूले केही नगरेको र गर्न नसक्ने भन्दै बेलाबेलामा 'नयाँ शक्ति' को बहस चर्को ल्याउने यी दलहरू पनि त्यसको विकल्पमा अहिलेसम्म दह्रो शक्ति भने आएको देखिदैन ।

विखण्डनको नारा छाडेर केही समय अघि मात्र खुल्ला राजनीतिमा आएको सीके राउतलाई पनि मतदाताले पत्याएको देखिएन । मधेशमा नयाँ शक्तिको रूपमा सीके राउत उदाउने अपेक्षा र चर्चाका बीच उसको दल जनमत पार्टीले उपचुनावमा बलियो उपस्थिति जनाउन सकेन ।

वस्तुत: यो उपनिर्वाचनले समाजवादी र राजपालाई 'राजनीतिक जमीनमा टेक्' भन्ने सन्देश दिएको छ ।

मधेशी दलहरूले औसत नतिजा निकाल्दा पृथकतावादी राजनीति त्यागेर शान्तिपूर्ण राजनीतिमा आएका सीके राउको जनमत पार्टीले पनि अपेक्षित भोट पाउन सकेनन् । उपनिर्वाचन देशको बदलिँदो राजनीतिको मापन गर्ने मिनी जनमत संग्रह पनि थियो र यसमा समाजवादी र राजपा पूर्णत: असफल रहे । किनभने उपनिर्वाचन दुवै दलको नाडी छाम्ने अवसर पनि थियो र जनताले आफ्नो सुझबुझपूर्ण विवेक प्रयोग गरेर दुवै दललाई गतिलो पाठ सिकाएका छन् ।

उपनिर्वाचनले दिएको सन्देश मनन गर्न समाजवादी पार्टी र राजपालाई अब राम्रो अवसर पनि हो ।

समग्रमा हेर्दा यो निर्वाचनले मुलुकको

बाँकी अन्तिम पृष्ठमा

# सीमा विवादबारे मधेशी दल किन मौन ?

काठमाडौं । भारतले नयाँ नक्सा सार्वजनिक गरेलगत्तै नेपालमा व्यापक विरोध भइरहेको छ । नेपालका लिपुलेक, कालापानी, लिम्पियाधुरालगायतका क्षेत्र भारतले आफ्नो नक्सामा पारिएको भनिएको विषयमा नेपालमा यसको निन्दा गर्दै चौतर्फी विरोध भइरहेको हो ।

प्रमुख प्रतिपक्षी नेपाली कांग्रेस र सत्तारूढ नेपाल कम्युनिस्ट पार्टी नेकपा मात्र नभएर सरकारसमेत दह्रो रूपमा सीमा अतिक्रमणविरूद्ध उभिएको छ । यसमा प्रधानमन्त्री केपी शर्मा ओलीले पनि विशेष पहल गरिरहेका छन् । भारतले नयाँ नक्सा जारी गरेलगत्तै प्रधानमन्त्री ओलीले सर्वपक्षीय बैठक पनि बोलाए । बैठकमा सबै दलले कूटनीतिक पहल गरी नेपालले आफ्नो भूमि फिर्ता लिनुपर्नेमा स्पष्ट सुझाव र अडान लिए ।

भारतले अतिक्रमण गरेको विरोधमा सबै दल तथा भ्रातृ संगठनले आफ्नो धारणा सार्वजनिक गर्दा पनि मधेशी दल र नेताहरू भने आजसम्म आफ्नो ठोस जवाफ सार्वजनिक गर्न सकेका छैनन् । नाकाबन्दीका बेला भारतलाई सहयोग गरेको भन्दै विवादमा तानिएका राजपा नेपाल र समाजवादी पार्टीले अहिलेसम्म सीमा अतिक्रमणका विषयका आधिकारिक धारणा सार्वजनिक गरेका छैनन् ।

प्रदेश २ का नेपाली भूभाग अतिक्रमण हुँदा पनि राजपा र समाजवादीलगायतका मधेशी दल मौन बस्नुलाई आश्चर्यका रूपमा हेरिएको छ । सीमामा राखेका कतिपय सीमा स्तम्भ नदीले बगाएको, कतिपय ठाउँमा भारतीयले अतिक्रमण गरी खेतीपाती गरेको र गाईगोठ बनाएर भोगचलन गर्दै आउँदा पनि नेपाल सरकार र मधेशी दलहरूले चासो नदेखाउनु दुःखको कुरा भएको स्थानीय बताउँछन् ।

नेपाल-भारत सीमा समस्या समाधान गर्न दुई देशका उच्च अधिकारी बसेर गम्भीर छलफल गर्नुपर्ने विषयमा कसैको दुई मत छैन तर आफनो भूमिमाथि भइरहेको अतिक्रमणका विषयमा नबोल्नु उनीहरूको कमजारी भएको विश्लेषण गरिन्छ ।

त्यसैले भारतले सार्वजनिक गरेको नयाँ नक्साबारे मधेशी दलहरूले आफ्नो धारणा सार्वजनिक नगर्नु चिन्ताजनक मुद्दा हो । सीमाको सवालमा मधेशी दलको मौनताले लज्जित बनाएको कतिपयको धारणा छ ।

मधेशको प्रतिनिधित्व गर्ने मधेशी नेताहरूलाई मधेशकै खास-खास समस्या सम्बोधन गर्ने कुनै चासो जागृत छैन । सत्तास्वार्थ बाहेक अरू केही नहेर्ने उनीहरूको चरित्र नै हो ।

बहुसंख्यक मधेशी नेताहरू मधेशका मूलभूत समस्यालाई उपेक्षा गरेर नारा घन्काउँछन् । बाहिरी शक्तिलाई रिझाएर र अरूकै स्वार्थपूर्तिका लागि खेलौना बनेर पद, प्रतिष्ठा र पैसा आर्जन गर्नु एकमात्र ध्येय उनीहरूको रहेको छ । मधेशमा जति नै मान्छे मरे पनि, मधेश जति नै डुबे पनि, मधेशको भूभाग जति नै अतिक्रमित भए पनि, मधेशका भूमिपुत्र नेपालीहरूको अवसर अरूले जति नै हडपे पनि मधेशी नेताहरूको मौनता भंग हुँदैन । ती नेताहरूलाई मधेश नदुःखे गरेकैले उनीहरूको चासो उत्पन्न भएको देखिदैन । यो सम्वेदनहीनताको पराकाष्ठा नै हो ।




**समय-सन्दर्भ** — निमिष झा



# समाजवादी पार्टीको अन्योलता

संघीय समाजवादी फोरम र नयाँ शक्ति पार्टी मिलेर समाजवादी पार्टी त बनेको छ तर पार्टीका दुई अध्यक्षहरू उपेन्द्र यादव र बाबुराम भट्टराई विपरीत धारमा छन् । उपेन्द्र यादव पछिल्लो मन्त्रिपरिषद् हेरफेरपछि पनि सरकारमै छन् र त्यसको प्रतिरक्षा पनि गर्दै आएका छन् । उता भट्टराई पार्टी सरकारबाट तत्काल बाहिरनु पर्ने पक्षमा छन् ।

अध्यक्ष यादव आफनो मन्त्रालय हेरफेर पछि आफू अपमानित हुनु नपरेको बताएका छन् । यादवको उपरोक्त भनाइले पार्टी अझै केही समय सरकार छाड्ने पक्षमा रहेको सन्देश दिएको छ । यद्यपि संविधान संशोधन लगायतका माग राखेर अल्टिमेटम दिने र नभए सरकार छाड्ने भन्ने पुरानै अडान अहिले पनि कायमै छ ।

अब यादवलाई सत्ता वा संविधान संशोधन मध्ये एक रोज्नुपर्ने बेला आएको छ । किनभने यादव संविधान संशोधनकै नाममा सत्तामा गएका हुन र अहिलेसम्म उनी आफनो मूलभूत उद्देश्यमा सफल हुन सकेका छैन । भट्टराई र यादवको मिलनले संविधान संशोधनका लागि सरकार, संसद तथा अन्य पार्टीहरूमाथि दबाब पर्ने आँकलन गरिएको थियो तर दुई अध्यक्षद्वयको फरक धारका कारण पार्टीले आफनो गन्तव्य पहिल्याउन सकेको छैन ।

यो संविधानलाई ठीक मान्ने नेकपा र नेपाली कांग्रेस मात्रै हुन् । पार्टीको नाम फरक-फरक भए पनि संविधानको सवालमा दुबै पार्टीको ठाउँ एउटै छ । संविधानमा व्यापक संशोधन हुनुपर्छ भन्ने अर्को पक्ष पनि छ । यी दुईपक्षको ध्रुवीकरणको मजबुत प्रयास भएको हो अहिले । भट्टराइले भन्दै आएको नयाँ धुव्रीकरणको नयाँ प्रयास सही मानेमा यतिबेला सुरू भएको हो ।

**कथमकदाचित समाजवादीको एजेन्डाअनुरूप संविधान संशोधन हुन सकेन भने उसले ठूलो राजनीतिक क्षति व्यहोर्नु पर्ने छ ।**

मन्त्रिपरिषद्को पुनर्गठन निश्चिय पनि प्रधानमन्त्रीको विशेषाधिकार मानिन्छ/ । तर प्रधानमन्त्रीको विशेषाधिकार भएपनि उसले मन्त्रिपरिषद्कै शीर्ष नेता, आफनो दलसहित सत्ता साझेदार दलसँग छलफल गर्नु मनासिब हो । तर प्रधानमन्त्री केपी ओलीले मन्त्रिपरिषद हेरफेरका विषयमा आफनो पार्टीका अध्यक्षबाहेक अरू कसैसँग छलफल गर्न आवश्यक ठानेन । छलफल त के, सत्ता साझेदार दललाई यस बारे कुनै संकेत पनि दिएनन । फलत: उपेन्द्र यादव सत्ता पूर्वजानकारी बिनै स्वास्थ्यमन्त्रीको हैसियतमा दिल्ली गए र फर्किंदा उनको मन्त्रालय परिवर्तन भइसकेको थियो । आखिर मन्त्रिपरिषद् परिवर्तन हुँदैछ भन्ने जानकारीबाट उपेन्द्र यादव किन बेखबर रहे ? ? जबकि यो विषय मिडियामा आइसकेको थियो । प्रधानमन्त्रीले किन यसबारे उपेन्द्र यादवलाई जानकारी दिएनन ? दिल्लीबाट फर्केर आएपछि पनि त मन्त्रिपरिषद् हेरफेर गर्न सकिने धैर्यता प्रधानमन्त्रीले राख्न सकेनन ? यसले प्रधानमन्त्री ओलीलाई उपेन्द्र यादवप्रति विश्वास नरहेको र उनलाई अप्रत्यक्ष रूपमा 'सरकार छाड्' भन्ने सन्देश दिएको देखाउँछ । प्रदेश प्रमुखहरू हटाउँदा पनि समाजवादीसँग नेकपाले परामर्श गरिएको थिएन । प्रधानमन्त्रीको यी र यस्ता प्रकारका संकेत राजनीतिका महाखेलाडी उपेन्द्र यादवले नबुझेका होलान मान्न सकिदैन । तर पनि उनी किन सत्तामा टाँसिएका हुन् । त्यस कारण अवस्थामा सरकारमा बस्ने समाजवादीको नैतिक धरातल कमजोर बनेको छ ।

सरकारको सहयोगीको रूपमा रहेको समाजवादी पार्टी यस पुनर्गठनबाट सन्तुष्ट छैन । तर चाहेर पनि सरकारबाट बाहिरिन सकिरहेको छैन । यसको पछाडि केही खास कारण पनि छ ।

पहिलो कारण आफू सरकारबाट बाहिरिनासाथ मधेशमा आफ्नो प्रतिद्वन्द्वीको रूपमा रहेको राजपा सरकारमा जान सक्छ भन्ने उनको डर हो ।

दोस्रो कारण सरकारमा रहँदा कतै न कतै त्यसले स्रोतसाधन दिन्छ । त्यसैले सत्तासँग नजिक हुँदा कार्यकर्तालाई ठिक ठाउँमा राख्न सकिन्छ भन्ने मनसाय पनि हुनसक्छ । किनभने यादव स्वयं सत्ताप्रतिको आशक्तिका पात्र हुन । उनी एकदमै सत्तालिप्सा भएको व्यक्ति हुन । उनी जसरी पनि सत्तामा बसिरहन चाहन्छन् ।

बाँकी अन्तिम पृष्ठमा

# सम्पादकीय

## मधेशप्रति चिनियाँ नीति

समग्र नेपालको हित चाहेको दाबी गर्ने छिमेकी राष्ट्र चीनको कथनी र करणीमा कुनै समानता देखिँदैन । असल छिमेकी राष्ट्र भनेको अर्को छिमेकी मुलुकको हरेक समुदाय, वर्ग र जातिका लागि समान धारणा राख्नु हो । तर, चीनले नेपालमा रंगभेदी राजनीति गर्दै आएको आरोप बारम्बार लाग्दै आएको छ । चीनको नेपाल नीतिले नेपालकै आधाभन्दा बढी जनसंख्या रहेको मधेशीहरूले बारम्बार चीनको झण्डा जलाएको सर्वविदितै छ । नेपालको भौतिक तथा जनशक्तिको विकासमा विशेष चासोका साथ सक्रिय रहेको चीनले मधेश एवं मधेशीसँग रंगभेदको राजनीति गर्दै आएको छ । नेपालको विकासमा भएका लगानीहरूमा चीनले हिमाल, पहाड वा खससमुदायमा मात्र केन्द्रित गरेर साम्प्रदायिकता भड्काउने कार्य गरिरहेको छ ।
चीनले मधेशलाई गैरनेपालीझैं व्यवहार गर्ने, लगानी र अवसरमा विभेद गर्ने र जात वा रंगको अधारमा व्यवहार गर्दै आएको छ । उसले नेपालमा गरेका लगानी, जनशक्तिको विकास, प्रतिनिधिमण्डको चयन लगायतका अवसर एवम् लगानीमा मधेशीहरूसँग विभेद गर्दै आएको छ । नेपालको मित्रराष्ट्रको संज्ञा पाएपनि नेपाली-नेपालीबीच सम्प्रदायिकता भड्काउने, जातीय रंगभेद र संघर्ष चर्काउने तथा असन्तुलनको राजनीति गरी सामुदायिक द्वेष सिर्जना गर्ने कार्यमा चिनियाँ नीति केन्द्रित रहँदै आएको छ ।

**चीनले मधेशलाई गैरनेपालीझैं व्यवहार गर्ने, लगानी र अवसरमा विभेद गर्ने र जात वा रंगको अधारमा व्यवहार गर्दै आएको छ ।**

नेपालका प्रधानमन्त्रीहरू चीन भ्रमण होस् अथवा हालै सम्पन्न चिनियाँ राष्ट्रपतिको नेपाल भ्रमणका क्रममा जारी हुने संयुक्त वक्तव्यहरूमा मधेशको विकास वा मधेशसँग सरोकार राख्ने एउटा पनि विषय समावेश हुने गरिएको छैन ।
चीनको रोजाई हिमाल एवम् पहाड मात्र रहेको पाइन्छ । नेपालको संरचनागत अस्तित्वबाट मधेशलाई अल्याउने खालको चीनबाट हुने विकास सहयोग नेपालको समग्र विकासका लागि गम्भीर हो । मुलुकको आधाभन्दा बढी जनसंख्यालाई विभेद गरेर नेपालसँग चीनले समानतामा आधारित सम्बन्ध कदापि बनाउन सक्दैन । सम्पूर्ण अवसर र दायित्वहरूमा समानताका लागि आन्दोलनमा रहेका मधेशी समुदायसँग चीनले विभेद गरेर थप पीडामा पारेको छ । नेपाल बहुभाषिक, बहुसांस्कृतिक र बहुधार्मिक मुलुक रहेको विश्व समुदायले बुझेकै कुरा हो । नेपालका निकटम छिमेकी मुलुक गणतान्त्रिक चीनले यो कुरा अहिलेसम्म बुझ्न सकेको छैन वा बुझेर पनि बुझ पचाउन खोजेको आभास हुन थालेको छ ।
आफूलाई नेपालको मित्र भनेर प्रचार गर्ने चीनले नेपालभित्रका एकमात्र समुदायको मित्र रहेको प्रष्टिएको छ । चीनले नेपालमा रंगभेदी राजनीति गर्दै आएको आरोप पहिलादेखि नै लाग्दै आएको छ ।
छिमेकी मुलुकको अर्थ राम्ररी व्याख्या गर्न नसकेका चिनियाँ कुटनीतिज्ञहरूले नेपालमा रंगभेदको राजनीति गर्दै आइरहेको आरोप नलागेको होइन । नेपालको आधा जनसंख्याको भावना विपरीत चीनले गैरकुटनीतिक कार्यहरू गर्दै आएको छ । यसअघि पनि मधेशमा चीनको झण्डा जलाइएको थियो । मधेशका विभिन्न
विश्वको शक्तिशाली राष्ट्रहरूको स्थान बदलिदो छ । चीन आफैं शक्तिशाली राष्ट्रहरूको समूहमा उदीयमान शक्तिको रूपमा उदाइरहेको छ । ठीक त्यसैगरी नेपालको मधेशले भूराजनीतिक महत्वले नयाँ स्थान ग्रहण गरिरहेको छ । त्यहाँको समग्र भूभाग पूर्वदेखि पश्चिमसम्म मधेशी बहुल्य रहेको छ ।मधेशी बहुल्य भूभाग विश्वका शक्तिसम्पन्न खेलाडीहरूका लागि पनि अहिले 'हट केक' बन्दै गएको छ । साथै चीन अब हिमाल पारि मात्रै नरहेको अवस्थामा मधेशहरूको असन्तुष्टिका साथ आफ्नो विश्वव्यापी भूराजनीतिक पहलहरू गर्ने विषयमा सोच्नुपर्ने आवश्यकता त्यसैगरी टड्कारो बनेको छ ।
यस्तोमा मधेशको पीडा र अपमानलाई चीनले नबुझेर उदण्ड, क्रुर तथा संवेदनशील सत्तारूढ दलका नेताहरूको चापलुसी, चाटुकारिता एवं चातुर्यमा फँस्दा उसलाई छिमेकमै लामो समय उतानो हुनुपर्ने जोखिम उत्पन्न हुनेमा शंका भने छैन ।

## साताको सात बात


समुद्ध नेपाल सुखी नेपालीको नारा साकार पार्न कृषि क्षेत्रको विकासलाई प्राथमिकता दिनुपर्छ । नेपालमा ५०% भन्दा बढी जनसंख्या कृषिमा निर्भर रहेको छ त्यसैले कृषिलाई आधुनिक बनाउँदै अगाडि बढाउने हो भने समृद्धिको बाटोमा चाँडो फड्को मार्न सकिन्छ । **ईश्वर पोखरेल, उपप्रधान तथा रक्षामन्त्री**


राजपासँग एकताबारे केही कुरा मिलिसकेको छ, केही मिल्न बाँकी छ । हामी सरकारमा भएको विषयलाई एकतासँग नजोड्नुस् भनेर प्रष्ट भनेका छौं । राजपा अध्यक्ष मण्डलका सदस्यहरू मध्ये केही एकताका पक्षमा छैनन् । सबै परिस्थिति ध्यानमा राखेर एकता हुन्छ । **उपेन्द्र यादव, उपप्रधान एवं कानून तथा न्यायमन्त्री**


नेपाल २०७२ को महाभूकम्पले गरेको असर र प्रभावको पीडाबाट विस्तारै उठिरहेको छ । अब पर्यटन वर्ष सफल पार्नमा पनि सबैको सहयोग र साथको अपेक्षा गरेका छौं । भ्रमण वर्ष २०२० सफल पार्नमा नेपालस्थित राजदूतहरूको महत्वपूर्ण भूमिका भएको छ । **योगेश भट्टराई, संस्कृति पर्यटन तथा नागरिक उड्डयनमन्त्री**


संघीयताले जनताको ढाड भाँचेको छ । जहाँ पनि भनसुन र नातावाद, कृपावाद यथावत् छ, सुशासन छैन । त्यसकारण संघीय प्रणालीप्रति नेपाली जनता खुशी छैनन् । नेतृत्वमा पुग्ने मान्छेहरू जनउत्तरदायी भएनन् । राजनीतिमा राष्ट्रिय स्वाधिनता र जनताको सेवाभाव देखिएन । **चित्रबहादुर केसी, अध्यक्ष, राष्ट्रिय जनमोर्चा**


मिथिलावासी र अयोध्याको सम्बन्ध शास्वत छ । दुई ऐतिहासिक स्थलको बलियो सम्बन्ध कहिल्यै कमजोर हुन सक्दैन । मिथिलावासी भौतिक सम्पत्तिका दृष्टिले गरिब भए पनि मनको धनी छन् । रामको ससुराली मिथिला र सीताको कर्मघर अयोध्या भएकामा मिथिलावासीलाई गर्व छ । **विमलेन्द्र निधि, उपसभापति, नेपाली कांग्रेस**


प्रदेश २ मा उपनिर्वाचनको जुन परिणाम देखिएको छ, त्यसले दुवै दललाई एक हुन दवाव दिएको छ । राजपा नेपालका कारण एकीकरणमा समस्या भएको छ । उपचुनावमा पनि दुवै दल तालमेल गरेको भए प्रदेश २ को सबै परिणाम हात पर्न सकिने अवस्था थियो । **रेणु यादव, उपाध्यक्ष, समाजवादी पार्टी**


मधेश केन्द्रीत दलहरूलाई गठबन्धन गर भन्ने सन्देश यो उपनिर्वाचनको परिणामले देखाएको छ । तर, गठबन्धनमा इमान्दारीता र विश्वास कायम राख्न आवश्यक हुन्छ । अगामी चुनावका लागि अहिलेदेखि दुई दलको बीचमा गठबन्धनका लागि गृहकार्य र तयारी गर्न आवश्यक देखिएको छ । **जितेन्द्र सोनल, भौतिक पूर्वाधार विकासमन्त्री, प्रदेश २**

# सरकारमा बसेर वैकल्पिक शक्ति कसरी बन्छ ?


सन्तोष मेहता

**राजपा महाधिवेशनको तयारी**

मधेश केन्द्रित ६ वटा पार्टी मिलेर राजपा नेपाल निर्माण भएको हो । केन्द्रदेखि स्थानीय तहसम्म नै जसको जस्तो संगठन रहेको थियो, पार्टी त्यसरी नै चलिरहेको अवस्था थियो । त्यो संगठनलाई जिल्ला जिल्लामा निर्देशका जारी गरी यो निर्देशिका मार्फत एक गरिएको हो । त्यसमा यो महिनामा २० दिनसम्म समय थप गरी काम नभएको, विवाद भएको ठाउँहरूको काम टुंगोमा पुऱ्याउन हामी लागिरहेका छौं । यो महिनाको अन्तिमसम्म सबै ठाउँमा पार्टी एकीकृत भएको परिणाम आउँछ । जुन वडा, पालिका, क्षेत्रीय र जिल्लास्तरमा एउटै कमिटी बनाउनका लागि निर्देशिका जारी भएको हो ।

विवादहरू त भयो, त्यही विवादहरूलाई समाधान गर्नकै निमित्त फेरि २० दिनको म्याद थप गरिएको हो । जिल्लामा विवाद हुनुका विभिन्न कारणहरू होला । सबै कारणहरू केन्द्रीय कार्यालयसम्म आइपुगेको छैन । कसैले निर्देशिका मिचेर काम गरेका पनि होलान् कसैलाई अर्को व्यक्तिले गरेको काम गराई मन नपरेको पनि होला । जे बहानामा विवाद भएको भएपनि थपिएको २० दिनको विवाद छलफलको माध्यमबाट समाधान तर्फ लैजान नभए लोकतान्त्रिक विवादको माध्यमबाट निर्वाचनमा गएर टुंग्याउने निर्णय भएको छ । त्यस अनुरूप अगाडि बढ्छौं ।

राजपाका अध्यक्ष मण्डलका सदस्यहरू असफल हुनुभएको होइन । उहाँहरूले १ वर्षभित्रै महाधिवेशन गर्ने भनेर जुन निर्णय गर्नुभएको थियो त्यो निर्णय कार्यान्वयन हुन सक्ने स्थिति नै थिएन । त्यतिबेला निर्वाचन थियो, निर्वाचनमा सहभागी जनाउनु पर्ने थियो । महाधिवेशन भन्दा पहिले जुन तयारी गर्नुपर्ने हुन्छ त्यसको लागि नै १ डेढ वर्ष लाग्न सक्छ । अहिले बल्ल एकीकृत कमिटी बनिरहेको छ । अहिले जारी भएको निर्देशिका पहिले नै जारी भएको भए त्यसको एक वर्षभित्र महाधिवेशन गर्न सकिन्थ्यो । महाधिवशेनका लागि एउटा आधार तयार हुन्थ्यो । अब बल्ल आधार तयार हुँदैछ । अन्य पार्टीहरूसँग एकीकरणको लागि छलफल पनि चलिरहेकाले हामी त्यता पनि ध्यान दिइरहेका छौं ।

कात्तिक २८, २९ र ३० गतेका लागि महाधिवेशनको मिति तोकिएको थियो तर त्यतिखेर नै समिति निर्माण गरेको भए महाधिवेशन तोकिएकै समयमा गर्न सम्भव हुन्थ्यो । त्यो हाम्रो कमजोर पक्ष रह्यो । अब महाधिवशेनको लागि आधार तयार भएको छ । अब महाधिवशेन गर्न सम्भव छ । महाधिवेशन गर्ने त भनियो तर पूर्वाधार केही तयार भएकै थिएन, त्यसैले तोकिएको समयमा महाधिवशेन गर्न सकेनौं ।

अब पूर्वाधार तयार भएको छ र अध्यक्ष मण्डल र केन्द्रीय स्तरमा पदाधिकारीहरूको बैठक बसेर निर्णय हुन्छ । तोकिएको मिति बितिसकेको छ । अब समय, परिस्थिति, वातावरणअनुकुल हुने गरी फेरि अर्को मिति तोकेर महाधिवशेन गर्नुपर्छ । तयारीको लागि अबको ६ महिना त समय लाग्छ । त्यसपछि महाधिवशेन गर्न सकिन्छ ।

**राजपा-समाजवादी एकता**

समाजवादी पार्टीका अध्यक्ष उपेन्द्र यादवको भुलभुलैयामा हामी परेका छैनौं । समाजवादीसँग पार्टी एकता देश र मधेशको आवश्यकता छ । एउटा वैकल्पिक शक्ति निर्माणको लागि राजपा र समाजवादीको एकीकरण आवश्यक छ । अहिले नेपाल एक दलीय प्रणालीमा अगाडि बढिरहेको हाम्रो बुझाई छ । बहुदलीय प्रतिस्पर्धाभित्र एकदलीय प्रणालीमा नेपाल कम्युनिष्ट पार्टीले यो देशलाई लैजान खोजिरहेको छ । यो मधेश र देशको निम्ति खतराको विषय हो । कांग्रेस पनि परम्परागत र पुरानो पार्टी भएकोले त्यसको सामना गर्न सक्ने स्थितिमा छैन । राजपा गठन गर्दाखेरी पनि एउटा वैकल्पिक शक्ति निर्माण गर्ने भनेरै गठन गरिएको थियो त्यतिखेरै हामीले तत्कालीन समाजवादी फोरमलाई पनि आह्वान गरेकै हो । पहिचानवादी, संघीयतावादी र मधेशवादी शक्तिहरूसँग एकीकरण गर्ने हाम्रो पुरानै निर्णय हो । अहिलेको समाजवादी पार्टीसँग एकीकरण गर्नुपर्छ भन्ने अहिलेको हाम्रो दृष्टिकोण हो र समाजवादी पार्टीले पनि त्यही दृष्टिकोण राखेर पत्र पठाएको हुनाले दुवै पार्टीले संयुक्त आवश्यकता महसुश गरेकाले पनि यो प्रक्रिया अगाडि बढिसकेको छ ।

हाम्रा धेरै विषयहरू साझा हुने भएपनि अहिलेको सरकारप्रति हाम्रो दृष्टिकोण मधेश विरोधी, संघीयता विरोधी भन्ने रहेको छ र यही सरकारमा उपेन्द्र यादव रहिरहनुभएको हुनाले यो सरकारमा रहुन्जेलसम्म एकता सम्भव छैन भन्ने हाम्रो दृष्टिकोण हो । हामीले उहाँलाई सरकार छोड्नका लागि बारम्बार आग्रह पनि गरिरहेका छौं । एउटै वैकल्पिक शक्ति निर्माण गरेर मधेशका थाती रहेका एजेन्डाहरू पुरा गराउनु छ जुन यो सरकारमा बसेर सम्भव छैन ।

**सरकारमा अपमानित उपेन्द्र**

मन्त्रालय हेरफेर पछि उपेन्द्र यादव सरकारबाट बाहिर आउनुहुन्छ भन्ने हाम्रो अपेक्षा थियो । उहाँ लगातार अपमानित भइरहनुभएको छ । उहाँ अपामानित भइरहँदा सम्पूर्ण मधेशी जनताको पनि शिर निहुरिरहेको अवस्था छ । हामी जुन पार्टीसँग एकीकरण गर्छौं भनिरहेको छौं उहाँ भोलिका दिनमा हाम्रो नेता बन्नु हुनेछ, हाम्रा नेता बारम्बार ओलीबाट लज्जित भइरहँदा हामीलाई पनि नराम्रो लागेको छ । हामीले उहाँलाई आग्रह गर्छौं सरकारबाट बाहिर आउनुहोस् । उहाँहरू सरकारकै साक्षी भइरहने हो भने त एकता सम्भव छैन । एकता नहुने भएपछि राजपा एक्लैले कसरी वैकल्पिक शक्ति निर्माण गर्न सक्छ भन्ने बाटो तर्फ हामी लाग्छौं ।

**कहाँ भएको छ सीमा विवाद ?**

नयाँ सीमा विवाद भएको हामीले महसुस नै गरेका छैनौं । कालापानी, लिपुलेक, लिम्पियाधुराका विषयहरू आजको विषय होइन, यो त धेरै पुराना मुद्दा हुन् ।

अस्ति सामाजिक संजालमा लिम्पियाधुरालाई समेटेको भनेर एउटा नक्सा आएको थियो तर त्यो नक्सा आजसम्म नेपालले नै कतै प्रयोग गरेको देखिएको छैन, किन त ? भारत र नेपालबीच पहिले जहाँ जहाँ सीमा तोकिएको थियो भारतले त्यही नक्सा सार्वजनिक गरेको हो । सीमा विवादमा नयाँ विषय केही छैन अनि हामी किन बोल्ने ?

उप-निर्वाचनको समयमा यो मुद्दा उठेको हो । नेपालको कुनै क्षेत्रमा त्यो मुद्दा खपत हुने भएको हुनाले यस्तो मुद्दा उठाइएको हो । नेपाल कम्युनिष्ट पार्टीले ल्याएको र कांग्रेसले पनि सहयोग गरेर उचालिएको विषय हो यो । चुनाव प्रयोजनका लागि यस्ता मुद्दाहरू त समय समयमा आउने नै गर्छ नि । भारतले कहीं हस्तक्षेप गरेको हामीले पाएको भए, उसले नक्सा बनाउँदा नयाँ ठाउँमा नेपालको भूमि मिचेर नक्सा बनाएको हामीले पाए हामी त्यो विषय जोडतोडले उठाथ्यौं । यो त धेरै पुरानो विषय हो । कालापानीमा विवाद छ । नेपाल र भारत दुवै देशले स्वीकर गरेको विषय हो । कालापानीको विवाद समाधान गर्न भनेर पनि दुवै देशको प्रतिनिधित्व हुने गरी वार्ता टोली बनेको छ । अहिले नेपाल र भारतको सीमाको विषयमा सचिवस्तरमा वार्ता हुने गरेको छ । ९०% सीमा विवाद त समाधान पनि भइसकेको छ । थुप्रै नयाँ स्तम्भहरू बनेका छन् । त्यो कालापानीको विवाद हामीले सिर्जना गरेको हो र ? पंचायतकालदेखिको विवादलाई समय समयमा आफ्नै फाईदाको लागि उठाउने प्रपञ्च यहाँ हुने गरेको छ ।

*(राजपा नेपालका प्रवक्ता मेहतासँग गरिएको कुराकानीमा आधारित)*

**मन्त्रालय हेरफेर पछि उपेन्द्र यादव सरकारबाट बाहिर आउनुहुन्छ भन्ने हाम्रो अपेक्षा थियो । उहाँ लगातार अपमानित भइरहनुभएको छ । उहाँ अपामानित भइरहँदा सम्पूर्ण मधेशी जनताको पनि शिर निहुरिरहेको अवस्था छ ।**

# मधेशी महाकुम्भ गढीमाई मेला


सुधा मिश्र

'मधेश' मेला प्रधान क्षेत्र हो । एउटै थलोमा लाखौ मानिस भेला हुनु मेला हो । गढीमाई मेलामा गढीमाईको दर्शन गर्न करोडौको संख्यामा भक्तजनहरू आउँछन् । गढीमाई मेला देशको सांस्कृतिक सम्पदा हो । प्रत्येक पाँच वर्षमा लाग्ने गढीमाई मेला प्रदेश न. २ को चिनारी हो । यो मेलामा विश्वकै थुप्रै स्थानबाट मानिसहरू सहभागी हुन आउँछन् । गढीमाईको दर्शन गर्न भक्तजनहरूको घुइँचो लागेको हुन्छ । गढीमाई मेलालाई विश्वकै सबैभन्दा बढी बली दिने मेला भनेर चिनिन्छ । भारतमा लाग्ने कुम्भ मेला जस्तै यसलाई नेपालमा "मधेशी महाकुम्भ" भनेर भनिन्छ ।

प्रदेश न. २ को बारा जिल्लाको सदरमुकाम कलैयाबाट ६ किलोमिटर पूर्व गढीमाईको मन्दिर अवस्थित छ । धेरै ठूलो जग्गामा मन्दिर रहेको र मन्दिरको वरपर निकै नै खेत र खुल्ला जमिन रहेको हुनाले यहाँ आउने भक्तजनहरूको मन प्रफुल्लित हुन जान्छ । मन्दिरको वरपर रहेको खेतहरूमा थुप्रै नै धान उब्जने गरेको पाइन्छ । स्थानिय वासिन्दाका अनुसार दर्शन गर्न आउने श्रद्धालुहरूलाई दु:ख नहोस् भनेर गढीमाईको आशीषले खेतहरूमा निकै नै उब्जनि हुने गरेको हो । शहरबाट टाढा यो मन्दिर प्राकृतिक दुष्टिकोणले पनि अति नै रमणीय छ । मंसिर महिनामा धान काटिएको खेतमा रंगबिरंगी ट्याक्टर, बेलगाडाहरूको पार्किडले झन् शोभा बढाएको हुन्छ ।

लगभग ५०० वर्ष अघि भगवान दास चौधरी भनिने मानिस जेल जीवन बिताइ राखेको बेला राति सुतिरहेको बेला देवीले तिमी मलाई आफ्नो गाउँ लग, तिम्रो दु:ख कष्ट नाश भई कल्याण हुनेछ भनेर सपना दिएका थिए । भगवान दास चौधरीले राताराता देवीलाई आफ्नो गाउँ लगि पूजाआजा गर्न थालेछ । गढीमाईको कृपाले



भगवान दासको जीवनमा खुशियाली आयो । त्यही ठाउँमा पछि गएर गढीमाईको मन्दिरको स्थापना भयो ।

भनिन्छ, गढीमाइको दरबारबाट कोही पनि खाली हात फिर्ता हुँदैनन् । जो कोही प्रेम र भक्तिले माताको पूजा अराधना गर्छन्, उसले मनोवांक्षित वरदान पाउँछन् । गढीमाईलाई भाकल गरेपछि निश्चित नै मनोकामना पूरा हुन्छ भन्ने जनविश्वास रहिआएको छ । सन्तान प्राप्ति, रोगबाट निवारण, मनमा सोचेको काम पूरा अर्थात आफूले भाकल गरे अनुसार मनोकामना पूरा भएका तथा गढीमाईप्रति आस्था राख्ने र दर्शन गर्न आउनेहरूको घुइचो लागेको हुन्छ ।

मंसिर १ गतेबाट शुरू भई यो मेला एक महिनासम्म लाग्ने गर्छ । वार्षिक दर्शन गर्न आउनेहरूको उतिकै भीड भए तापनि गढीमाई मेला पाँच वर्ष पछाडि मात्र लाग्ने गर्छ । जहाँ श्रद्धालुहरूले आफूले भाकल गरेको पशुको बलि दिने गर्छन् । मार्ग शुक्ल सप्तमी र अष्टमीको दिन पशुबली गरिन्छ ।

मार्ग सप्तमीको दिन मानिसका चार अंगबाट रगत चढाएर पूजा गरिन्छ । त्यहाँ आफै दीप प्रज्वलित हुन्छ । दीप प्रज्वलित पछि पँचबली दिइन्छ । जसमा रांगा, बोका, सुंगुर, परेवा र जंगली मूसाको बली दिइन्छ । पँचबली पछि मात्रे भाकल गरेको पशुहरूको बली दिइन्छ ।

बोका र अरू पशुहरूको बली

मन्दिर परिसर र वरपर दिइए पनि रांगाको बली बधशालामा दिइन्छ । करीब साढे दुई विघा जग्गामा ठूलो पर्खाल लगाई वधशाला निर्माण गरिएको छ जहाँ रांगाको बलि दिइन्छ ।

गढीमाईको पुजारी सदा-सर्वदादेखि थारू (चौधरी) समुदाय रहदै आएको छ । त्यसैले पनि होला माँको पहिरनमा थारूपन झलकिन्छ । गढीमाइको दर्शन गर्न भारतबाट लाखौको संख्यामा श्रद्धालुहरू आउने गर्छन् । पछिल्लो मेलामा भारतको सर्वोच्च अदालतले पशुबलिको रोक लगाएको कारण भक्तजनहरूमा धेरै कठिनाई भएको थियो । नेपाल सरकारले श्रद्धालुको स्वागत स्वरूप हजारौं संख्या स्वयसेवक तथा सुरक्षाकर्मीअरू परिचालन गर्छन् । हिन्दुहरूको आस्था र भक्तिलाई हेरेर कतिपय ठाउँबाट पशुबलिको विरोध आए पनि यो परम्परा यथावत नै रहेको छ । स्थानीय बासिन्दाले यो मेलालाई रगतविहीन मेला भनेर संज्ञा दिएका छन् । हजारौको संख्यामा पशु बलि दिए पनि रगतविहिन देखिने यो मेलामा गढीमाईको अपार शक्ति रहेको उनीहरूको आस्था छ ।

विश्व प्रसिद्ध गढीमाई मेलामा जनकपुरको राजदेवी, मनोकामना जस्तै थुप्रै शक्तिपीठहरूको पूजा गरिन्छ । विश्व प्रसिद्ध गढिमाई मेला धार्मिक पर्यटक भित्राउने ठूलो माध्यम देखिएको छ । विश्वमा सबैभन्दा बढी एकै साथ पशुबलि दिने मेलामा भक्तजनको आस्था र भक्ति निकै रहेको पाइन्छ । गढीमाईलाई हृदयदेखि नमन । माईको आशिष र ममताले सबैको झोला भरून् । गढीमाईले सबैलाई कल्याण गरून् ।

# एजेन्डा कार्यान्वयन गराउने जिम्मेवारीमा उपेन्द्रजी पुग्नुभयो

मन्त्रिमण्डल पुनर्गठन गरेर हामी सरकारबाट हटोस् भन्ने चाहनुभएको थियो । हामी त्यति सहजरूपमा ओलीको मिशनलाई पूरा हुन दिन्नौं । अहिले जसरी मन्त्रिमण्डल पुनर्गठन भएको छ, त्यो हाम्रो सरकारसँग संघर्षको उपज हो । अब कानून मन्त्रालय हाम्रो हातमा आएको छ, त्यसैले संविधान संशोधनको प्रस्थान विन्दू कानून मन्त्रालयबाटै हुने हो ।



राजेन्द्र प्रसाद श्रेष्ठ

सहअध्यक्ष, समाजवादी पार्टी

**० भर्खरै सम्पन्न उपनिर्वाचनबारे समाजवादी पार्टीको समीक्षात्मक विश्लेषण के हो ?**

– यो उपनिर्वाचन हाम्रो लागि उपलब्धिमूलक नै रहेको छ । नयाँ वडाहरू पनि जित्न सफल भएका छौं । यसपटक सबभन्दा बढी घाटा नेपाल कम्युनिष्ट पार्टीलाई नै भएको देखिएको छ । नेकपाले कतिपय वडा अध्यक्ष गुमायो, धरानमा मेयर पद गुमायो । त्यसैले नेकपाले झण्डै एक तिहाइ गुमाएको अवस्था छ । त्यसको तुलनामा हाम्रो पार्टीले राम्रै उपलब्धि हासिल गरेको छ । हामीलाई विगतमा भन्दा राम्रै मत आएको छ । यस्तै, नेपाली कांग्रेसको लागि पनि अलिकति उपलब्धिमूलक नै देखिएको छ । जेहोस्, हाम्रो पार्टी तेस्रो शक्तिको रूपमा स्पष्ट देखिएको छ । त्यसैले, समाजवादी पार्टी वैकल्पिक शक्तिको रूपमा आउने अवस्था स्पष्ट छ ।

**० प्रदेश २ मा तपाइँहरूको सरकार छ, तर जनताले पत्याएन नि ?**

– प्रदेश २ मा पनि त हाम्रो सिट संख्या बढेकै हो नि । कतिपय ठाउँमा केही सिट प्राप्त भयो भने केही ठाउँमा गुमाउने अवस्था पनि रह्यो । एक पटकका लागि जितेपछि सधैंका जितेको वा एक पटक हारेपछि सधैंका लागि हारेको भन्ने हुँदैन ।

**० तपाइँहरू राजपासँग एकताको कुरा गर्दै हुनुहुन्छ, तर यो उपनिर्वाचनमा किन सहकार्य भएन ?**

– एउटा सैद्धान्तिक मान्यता र मापदण्ड बनाइसकेपछि त्यसमा उभिनुपर्छ । सर्लाहीमा राजपाको भन्दा हाम्रो मत बढी थियो त्यसकारण हामीले उम्मेदवारी दिने, सप्तरीमा राजपाको आधार छ । यो त एउटा मापदण्ड न हो । मधेशमा नेताकेन्द्रित पार्टीहरू बढी छन् । यहाँ नेताप्रधान पार्टी बनाउन खोजिन्छ, नीतिप्रधान पार्टी बनाउनुपर्‍यो । व्यक्तिभन्दा समाजलाई महत्व दिनुपर्‍यो । नयाँ ढंगको पार्टी बनाउनु भनेको कारण नै यही हो । अब कांग्रेस र नेकपाले जे गर्‍यो भने त्यो त पार्टी होइन, नेताहरूको जमिन्दारी हो । कुनै पनि पार्टी नेताहरूको जमिन्दारी होइन । पार्टीमा सामूहिक नेतृत्व हुनुपर्‍यो, नेता र कार्यकर्ताबीच आत्मिक सम्बन्ध हुनुपर्‍यो । त्यसकारण, नेतामुखी होइन, कार्यकर्ता र जनतामुखी पार्टी हुनुपर्‍यो । त्यस हिसावले जुन प्रस्ताव हामीले राजपासमक्ष राखेका थियौं, त्यसमा जसको जहाँ जनाधार छ त्यसले टिकट पाउनुपर्छ । तर, जब व्यक्ति-व्यक्तिमा राजनीति केन्द्रित हुन थालियो, त्यसपछि हाम्रो चुनावी सहकार्य हुनसकेन ।

**० भनेपछि, राजपा नेतामुखी भएकोले यो उपनिर्वाचनमा समाजवादीसँग सहकार्य भएन ?**

– राजपालाई मात्रै दोष दिएको होइन, समग्रतामै मैले यस्तो भनेको हुँ । यहाँ कांग्रेस, नेकपा पनि नेतामुखी नै छन्, समाजवादीमा पनि केही प्रभाव पर्न थालेको छ ।

**० समाजवादी पार्टीलाई राष्ट्रिय पार्टीको रूपमा तपाइँहरू व्याख्या गर्नुहुन्छ, तर मधेशबाहेक अन्य क्षेत्रमा तपाइँहरूको जनाधार देखिएको छैन नि ?**

– विगतमा भन्दा सुध्रिएको अवस्था भएतापनि आशातीत तहसम्म सफलता हासिल गरिसकेको छ । मधेशमा समाजवादी पार्टीले जडो गाडिसकेको अवस्था छ । समाजवादी पार्टी नै मधेशमा पहिलो शक्ति हुन्छ भनेर 'मास साइकोलोजी' बनिसकेको छ । तर, पहाडमा 'मास साइकोलोजी' बन्न बाँकी नै छ । जसले कार्यकर्ताको मात्रै मत आउने अवस्था बनिरहेको छ । डा.बाबुराम भट्टराईको पार्टीसँग एकीकरण भइसकेको अवस्थामा अब पहाडमा पार्टी विस्तार अभियान नै सञ्चालन हुन्छ । देशभरि नै हामी पार्टी विस्तार तथा सुदृढीकरण अभियान चलाउँछौं ।

**० तपाइँहरू सरकार छोड्ने कुरा गर्दै हुनुहुन्थ्यो, यही बीचमा तपाइँको अध्यक्षको मन्त्रालय परिवर्तन भयो, एउटा राज्यमन्त्रीलाई पनि हटाइयो, यसलाई कसरी लिनुभएको छ ?**

– मूल्य मान्यता र सामूहिकताको विपरीत यो सरकारले काम गरेको छ । तथापि, हामी मान-अपमानभन्दा पनि मिशनका लागि सरकारमा गएका हौं । प्रधानमन्त्रीले मन्त्रालय परिवर्तन गर्नु, राज्यमन्त्री हटाउनु र शहरी विकास मन्त्रालयमा नेकपाकै राज्यमन्त्री ल्याउनु गलत कुराहरू हुन् । तर, पनि हामी आफ्नो मिशनका लागि सरकारमा गएको हुनाले त्यसमै केन्द्रित भएका छौं । कतिपयले मन्त्रालय परिवर्तनबाट उपेन्द्र यादवको अपमान भयो भन्ने किसिमका कुराहरू गरिरहेका छन् । हामीले नेकपा र सरकारसँग वार्ता गर्ने, यदि नेकपा संविधान संशोधनका लागि प्रतिबद्ध छ भने एउटा कार्यदल गठनका लागि प्रस्ताव गर्ने र प्रतिवद्ध छैन भने तुरून्तै सरकार छोड्ने निष्कर्षमा पुगेका छौं । अहिले हामी संविधान संशोधनको मिशन पूरा गर्नका लागि केन्द्रित भएका छौं ।

**० भनेपछि, प्रधानमन्त्रीले तपाइँहरूलाई जति अपमानित गरिरहे पनि मिशन पूरा नहुन्जेल सरकार छोड्नु हुन्न ?**

– मान-अपमान भन्ने कुरा आफ्नो ठाउँमा होला । विगतमा मधेश जनविद्रोह भयो, त्यसमा पाँच दर्जनभन्दा बढीको सहादत भयो । उहाँहरूको सपना पूरा गर्नका लागि नै हामी सरकारमा गयौं । पार्टी वा नेताको मान अपमानको कुरालाई लिएर मिशनबाट हट्ने हो भने त्यो त नेतामुखी भइहाल्यो नि । उहाँहरूले मन्त्रिमण्डल पुनर्गठन गरेर हामी सरकारबाट हटोस् भन्ने चाहनुभएको थियो । हामी त्यति सहजरूपमा ओलीको मिशनलाई पूरा हुन दिन्नौं । अहिले जसरी मन्त्रिमण्डल पुनर्गठन भएको छ, त्यो हाम्रो सरकारसँग संघर्षको उपज हो । अब कानून मन्त्रालय हाम्रो हातमा आएको छ, त्यसैले संविधान संशोधनको प्रस्थान विन्दू कानून मन्त्रालयबाटै हुने हो । हाम्रो अध्यक्ष उपेन्द्र यादवले मधेश आन्दोलनका बेला उठाउनुभएको एजेन्डाहरू कार्यान्वयन गराउने जिम्मेवारीमा पुग्नुभएको छ ।

**० स्वास्थ्य मन्त्रालयबाट कानून मन्त्रालयमा पुर्‍याइँदा समाजवादीलाई संविधान संशोधन गराउने अवसर मिलेको हो ?**

– कानून मन्त्रालयमा हाम्रो अध्यक्षलाई पुर्‍याइँदा प्रधानमन्त्रीले सहयोग गरिदिनुभएको होइन । उहाँले त सरकारबाट बाहिर जाओस् चाहनुभएको थियो । तर, उहाँको लागि गलपासो बनेको छ । अब संविधान संशोधनका लागि तयारी सुरू हुन्छ । त्यसलाई उहाँहरूले कसरी लिनुहुन्छ, हामीले हेर्न बाँकी छ । जसरी प्रधानमन्त्रीले संविधान गीता र पुरान होइन, यो संशोधनीय दस्तावेज भन्नुहुन्छ, त्यसमा अब कतिसम्म व्यवहारमा देखाउनुहुन्छ जनताले हेर्न बाँकी छ ।

**० समाजवादीले नेकपा र सरकारसँग वार्ताका लागि चार सदस्यीय टोली पनि बनाएको छ, वार्ता कहिले गर्नुहुन्छ ?**

– हामीले अस्ती नै प्रधानमन्त्रीसँग समय मागेका थियौं, उहाँहरूले सकारात्मकरूपमै लिनुभएको छ । प्रधानमन्त्री स्वस्थ्य भएर आइसकेपछि वार्ताको मिति तय हुन्छ । उहाँ अहिले अस्वस्थ हुनुहुन्छ । मानवताको दृष्टिकोणले पनि यस्तो बेलामा हामीले स्वास्थ्य लाभको कामना नै गरेका छौं ।

**० भनेपछि, प्रधानमन्त्रीको स्वास्थ्य लाभ भइसकेपछि वार्ता हुन्छ ?**

– हो ।

**० राजपासँग एकीकरणका लागि लामो समयदेखि चर्चा चल्दै आएको छ । समाजवादीको तर्फबाट वार्ता टोलीका संयोजक पनि तपाइँ हुनुहुन्छ । राजपासँगको एकता प्रक्रियाको प्रगति के छ त ?**

– एकताका लागि दुवै पार्टी सकारात्मक छ । एकीकरणका प्रक्रिया धेरै अगाडिसम्म बढिसकेको छ । यस बीचमा उपनिर्वाचनका कारण रोकिएको थियो । अब फेरि एकता प्रक्रिया सुरू हुन्छ । नमिलेका वा मिल्न बाँकी धेरै कुराहरू छैनन् । राजपा पनि पहिचान पक्षधर पार्टी रहेकोले हामी धेरै नजिक छौं । कतिपय प्रत्यक्ष निर्वाचित राष्ट्रपति लगायतका केही मुद्दाहरूमा हाम्रो फरक धारणा छ । सँगसँगै हिंड्ने निष्कर्षमा पुगिसकेपछि फरक धारलाई एउटा धारमा मिसाउने प्रयत्न गरिरहेका छौं ।

**० राजपा र समाजवादीबीच एकताका लागि अनौपचारिकरूपमा मात्रै वार्ता हुँदै आएको छ, औपचारिकता किन नपाएको होला ?**

– धेरै कुराहरूको टुंगो अनौपचारिकरूपमा नै लाग्छ । किनभने हामीले अन्य दलहरूसँगको वार्ताको अनुभवलाई हेर्ने हो भने औपचारिकरूपमा वार्ता गर्‍यो, आज यो मिलेन त्यो मिलेन र जुरूक्क उठेर हिंड्ने बानी छ । त्यसले बाहिर नकारात्मक सन्देश दिन्छ । पहिला अनौपचारिकरूपमा सबै कुरा मिलाऔं, त्यसपछि औपचारिकरूपमा एउटा सहमति पत्र तयार गरेर घोषणा गर्ने पक्षमा हामी छौं ।

**० तर, एकताभन्दा पहिला समाजवादी सरकारबाट बाहिरिनुपर्छ भन्ने शर्त राजपाको छ नि ?**

– यो त ठूलो मुद्दा नै भएन । हाम्रो नीति र सिद्धान्त मिलिसकेपछि सरकारमा बस्ने वा नबस्ने कुरा बाधक बन्दैन । सरकारमा बस्ने वा बाहिरिने कार्यनीतिको विषय हो, नीति वा सिद्धान्तको विषय होइन । एकता अन्तिम निष्कर्षमा पुगिसकेपछि यो विषय पनि टुंगिन्छ ।

**० अहिले सीमा विवादका कारण छिमेकी मित्रराष्ट्र भारतको विरूद्धमा धेरै गतिविधिहरू भए । अहिलेको अवस्थामा नेपाल-भारत सम्बन्ध कस्तो देख्नुहुन्छ ?**

– नेपाल र भारतबीचको सम्बन्ध बहुआयामिक हो । पार्टी, सरकार र कुटनीतिकभन्दा पनि दुवै देशका जनता-जनताबीच बढी प्रगाढ सम्बन्ध रहेको छ । त्यसैले, भारत र नेपालबीचको सम्बन्ध कसैले चाहेर पनि बिगार्न सक्दैनन् । कुनै मुद्दालाई लिएर छिमेकी मुलुकको झण्डा जलाउनु एकदम गलत हो । यस्ता गतिविधि हुनुहुँदैन । नेपाल र भारतको अन्तर्सम्बन्धलाई २१औं शताब्दीमा नयाँ ढंगले परिभाषित गर्नुपर्छ ।

# कांग्रेसको भरोसाको केन्द्र मधेश नै हो

कांग्रेस र तराई/मधेश एकअर्काका पूरक हुन् । कांग्रेस र मधेशको सम्बन्ध नङ र मधेशजस्तै छ । जब-जब मधेशमा कांग्रेसको पक्षमा राम्रो परिणाम आएको छ, तब-तब कांग्रेसको सरकार बनेको छ ।



रामकृष्ण यादव

नेता, नेपाली कांग्रेस

**० हालै सम्पन्न उपनिर्वाचनको परिणामलाई कांग्रेसले कसरी समीक्षा गरेको छ ?**

– देशभरि ५२ स्थानमा सम्पन्न भएको उपनिर्वाचनमा विभिन्न राजनीतिक दलहरूले मिश्रित परिणाम ल्याएको छ । तर, समग्रमा भन्नुपर्दा केन्द्र र प्रदेश सरकारप्रति जनताले असन्तुष्टि जनाएको छ र परिणाम पनि त्यस्तै आएको छ ।

**० सरकारसँग जनता असन्तुष्ट छन् भने कांग्रेसप्रति पनि त झुकाव बढेको देखिएन नि ?**

– यो पनि सत्य कुरा हो । कांग्रेस अहिले प्रमुख प्रतिपक्षीको भूमिकामा छ । सडक र सदनमा प्रमुख प्रतिपक्षीको जुन भूमिका हुनुपर्नेथियो, जनताको जुन अपेक्षा छ त्यसमा कांग्रेस चुकेको जस्तो देखिन्छ । संघीय सरकार र प्रदेश सरकारले राम्ररी काम गर्न सकिरहेको छैन । असंवैधानिक कामहरू गरिरहेको छ । संघीयतालाई कमजोर बनाउने काम यो सरकारले गरिरहेको छ । यो सरकारले भ्रष्टाचार नियन्त्रणको नाउँमा प्रश्रय नै दिइरहेको अवस्था छ । महँगी दिनप्रति दिन आकाशिँदै गएको अवस्था छ । यी सबै कुराहरूलाई कांग्रेसले जुन सक्रियताका साथ जनतामाझ लिएर आउनुपर्ने थियो, त्यसमा चुकेकै हो । अर्को कुरा, पार्टीभित्र सहमति सहकार्य गरेर अगाडि बढ्नुपर्ने कुरालाई जनताले उपनिर्वाचनमार्फत अभिमत दिएको छ । तर, नेपाली कांग्रेसले नेकपाको किल्लामा कब्जा जमाएको छ । यो उपनिर्वाचनमा नेकपाले सत्तालाई हरेक दृष्टिकोणले दुरूपयोग गरेको छ ।

**० भनेपछि, नेकपाले सत्ताको दुरूपयोग गरेको तपाइँहरूको निष्कर्ष छ ?**

– बाहिरीरूपमा हेर्दा उपनिर्वाचन शान्तिपूर्णमै भएको देखिन्छ तर, नेकपाले सत्ताको दुरूपयोग गरेर धाँधली गरेकै हो । जस्तै, महोत्तरीको पिपरा र कास्की निर्वाचन क्षेत्र नं. २ पोखरामा निर्वाचनको पूर्वसन्ध्यामा बम पड्काइएको थियो । नेकपाकै कार्यालय नजिक बम पड्काइयो, त्यसको सिम्प्याथी मत प्राप्त गर्न सफल भयो । बम पड्काउने गिरोहलाई यो सरकारले अहिलेसम्म पनि पक्राउ गरेर सार्वजनिक गर्न सकेको छैन । नेकपाले हरेक निर्वाचन क्षेत्रमा पैसाको पनि व्यापक चलखेल गरेको छ । सत्तारूढ नेकपाले आफूतिर मत तान्नका लागि हरेक हत्कण्डा अपनाएको देखियो ।

**० सत्ताको दुरूपयोग गरेको, पैसाको चलखेल गरेको, बम पड्काएको लगायतका आरोपहरू लगाउनुभयो, तर यसका प्रमाणहरू छ ?**

– बम पड्किएको कुरा त सबैलाई थाहा भएकै हो । तर, त्यसबारे अनुसन्धान गर्ने, गिरोहलाई पक्राउ गर्ने सरोकारवाला निकाय त सरकार नै हो । सरकारले यस्ता अपराधिक क्रियाकलापप्रति चासो नलिनु, यसबाट त प्रष्टै हुन्छ कि सत्ताकै चलखेल थियो ।

**० नेपाली कांग्रेसको गढ मधेश थियो, तर दिनप्रति दिन मधेशबाट कांग्रेस विस्थापित हुँदै गएको छ नि ?**

– कांग्रेस र तराई/मधेश एकअर्काका पूरक हुन् । कांग्रेस र मधेशको सम्बन्ध नङ र मधेशजस्तै छ । जब-जब मधेशमा कांग्रेसको पक्षमा राम्रो परिणाम आएको छ, तब-तब कांग्रेसको सरकार बनेको छ । कांग्रेसको सरकार बन्दा मधेशमा पनि राम्रो विकास भएको छ । नेपाली कांग्रेसको सरकार नभएसम्म मधेशमा विकास सम्भव छैन । अहिले निश्चितरूपमा मधेशमा कांग्रेस कमजोर देखिएको हो । यसमा हाम्रो पनि केही कमीकमजोरीहरू छन् । मधेशमा कांग्रेसलाई कमजोर बनाउन विभिन्न षड्यन्त्रहरू हुँदै आएको छ । केही झुठा नारावाला पार्टीहरूलाई मधेशमा स्थापना गराइएको छ । केही शक्तिहरू कांग्रेसलाई मधेशमा कमजोर बनाउन लागिपरेका छन् । गत निर्वाचनमा मधेशका जनताले जसरी मत प्रयोग गरे, त्यसबाट अहिले पछुताइरहेको अवस्था छ । विगतको चुनावभन्दा अहिले कांग्रेसप्रति जनताको आकर्षण बढ्दै गएको छ । पहाडमा झुठा राष्ट्रवादको नारा दिने नेकपा र तराई/मधेशमा झुठा नारा दिने राजपा र समाजवादीलाई पनि जनताले हेरिसके । अब जनताको भरोसाको केन्द्र कांग्रेस नै बन्दै गएको छ ।

**० नेपाली कांग्रेस विगत लामो समयसम्म सत्ता सञ्चालन गर्‍यो, तर मधेशमा विकास किन भएन ?**

– अहिलेसम्म तराई/मधेशमा जेजति विकास निर्माणका कामहरू भएका छन्, ती सबै कांग्रेसकै पालामा भएको हो । २०४६ सालपछि मधेशको विकासको दृष्टिकोणले हेर्दा धेरै फड्को मारेको छ । नेपाल कांग्रेस पटक-पटक सत्तामा पुग्यो, राज्य सञ्चालन गर्‍यो भन्ने कुरा सही हो । तर, कुनै पनि सरकारले आफ्नो पूर्ण कार्यकालसम्म सत्ता सञ्चालन गर्न सकेन । २०१५ सालमा नेपाली कांग्रेसको तर्फबाट रामनारायण मिश्रजी उद्योगमन्त्री हुँदा उहाँले नै जनकपुरधाममा चुरोट कारखाना स्थापना गराउनुभएको थियो । त्यसले यहाँको आर्थिक अवस्था माथि उकास्न ठूलो योगदान पुर्‍याएको थियो । अहिले नेपाल र भारतबीच नयाँ रेल सञ्चालन हुन लागेको छ, त्यो पनि नेपाली कांग्रेसकै नेता डा.रामवरण यादवजी राष्ट्रपति हुँदा भारतसँग भएको थियो । त्यस्तै, मधेशको मेरूदण्डको रूपमा रहेको हुलाकी सडक कांग्रेसकै सरकार हुँदा अवधारणा ल्याएको थियो । यस्ता हरेक विकास निर्माणका कार्यहरू कांग्रेसकै पालामा भएको थियो । कम्युनिष्ट नेतृत्वको सरकार गठन भएको दुई वर्ष हुन लागेको छ तर, अहिलेको सरकारले के गरेको भन्ने हेर्दा भाषणमा मात्र सीमित देखिएको छ ।

**० तर, मधेशी नेताहरूसँग कांग्रेसले न्याय गरेन भन्ने आरोप छ नि ?**

– नेपाली कांग्रेसमा मधेशका नेताहरूको धेरै ठूलो योगदान छ र त्यसको मूल्यांकन पनि कांग्रेसले अवश्य नै गरेको छ । नेपालको प्रथम राष्ट्रपति कांग्रेसले नै बनाएको हो । महन्थ ठाकुरजी पनि कांग्रेसमा हुँदा प्रतिष्ठित नै नेताकै रूपमा हुनुहुन्थ्यो । यसैगरी, विमलेन्द्र निधि, विजयकुमार गच्छदार, फरमुल्लाह मन्सूर लगायतका थुप्रै नेताहरूलाई कांग्रेसले सम्मानित पद नै दिएको छ । कांग्रेस जस्तो समावेशी पार्टी कुनै छँदैछैन । त्यसकारणले सामाजिक, राजनीतिक र व्यक्तित्व विकासको दृष्टिकोणले कांग्रेसले मधेशलाई उचित सम्मान गरेको छ । अहिले प्रदेशदेखि संघसम्म कांग्रेस प्रतिपक्षमा छ, दुई वर्ष भइसक्यो सरकार स्थापना भएको, तर कुनै पनि काम भएको छैन ।

**० कांग्रेसको केन्द्रीय समितिको बैठक आगामी बिहीबार बस्ने भनिएको छ, के-के छ एजेन्डा ?**

– नेपाली कांग्रेसको केन्द्रीय कार्यसमितिको बैठकमा समग्रमा देशको समसामयिक विषयवस्तु र हालै सम्पन्न उपनिर्वाचनबारे समीक्षा हुनेछ । यो उपनिर्वाचनमा हामी कहाँ चुक्यौं, हाम्रो पक्षमा जनअभिमत के आयो, अपेक्षितरूपमा किन आएन लगायतका विषय समीक्षा हुन लागेको हो । हाम्रो महाधिवेशनको पनि कुरा छ, यो बैठकले त्यसको पनि कार्यतालिका बनाउँछ । भ्रातृ संगठनहरूको बारेमा पनि छलफल हुनेछ । यसैगरी, स्थानीय तहमा तेस्रो चरणको जागरण अभियान सञ्चालनबारे निर्णयहरू हुन्छ । समग्रमा मुलुकको राजनीतिक अवस्था, पार्टीको आन्तरिक संरचना र सरकारले गर्दै आएको असंवैधानिक कार्यहरूबारे केन्द्रीय कार्यसमितिको बैठकमा छलफल हुनेछ ।

**० कांग्रेसभित्रको गुटउपगुट, घातअन्तर्घात सामान्यजस्तो देखिए पनि यसले आगामी निर्वाचनमा कस्तो असर गर्छ त ?**

– नेपाली कांग्रेस एउटा प्रजातान्त्रिक पार्टी हो । सबैले आआफ्नो कुरा राख्नु स्वाभाविक नै हो । तर, जुन किसिमको एउटा नकारात्मक संस्कार विकसित हुँदै आएको छ, यसले पार्टीलाई धेरै हानी गरिरहेको छ । पार्टीलाई नै हानी हुने खालको गुटउपगुटलाई जरैबाट समाप्त गर्नुपर्ने आवश्यकता छ । यसप्रति नेतृत्वपंक्तिले बेलैमा सचेत भई गुटउपगुटलाई हटाउनुपर्छ । सामान्य गुटउपगुट पनि पहिलादेखि नै थियो, तर यसले अहिले विकराल रूप लिँदै गइरहेको छ । कांग्रेस जस्तो पार्टी जसले मात्र देशलाई निकास दिन सक्छ तर आफैमा कमजोर हुँदा अहिले अन्योलग्रस्त अवस्था देखिएको छ । नेपाली जनताको भरोसाको केन्द्रको रूपमा नेपाली कांग्रेस रहेको छ, यसलाई कायम राख्न गुटउपगुटलाई हटाउनैपर्छ ।

**० सीमा विवाद नेपाली कांग्रेसको लागि एउटा चुनावी एजेन्डा बनेको थियो, चुनाव पनि सम्पन्न भइसक्यो । अहिले पनि त्यही धारणा छ कि अब परिवर्तन भएको छ ?**

– सीमा विवाद नेपाली कांग्रेसको चुनावी एजेन्डा थिएन । कांग्रेस एउटा जिम्मेवार पार्टी हो । जनताको पार्टी भएको हुनाले भूमिदेखि लिएर नेपालको सुरक्षाको विषयमा पनि चासो राख्नु स्वाभाविक हो । नेपाल र भारतबीच बहुआयामिक सम्बन्ध छ । यो सम्बन्धलाई कायम राख्न देखिएका समस्याहरू समाधान गर्न सरकारले पहल गर्नुपर्छ भन्ने हाम्रो मान्यता हो । सीमा विवादलाई कुटनीतिक पहल गरी समाधान गर्नुपर्नेमा यो सरकारले केही नगरेकोले हामीले यस विषयमा बोल्न बाध्य भयौं ।

*(मधेशवाणीका लागि रामसुकुल मण्डलले गरेको कुराकानीको सम्पादित अंश)*

# कालापानीमा नेपाल र भारतको स्थान



मनोज कुमार कर्ण

नेपालको सीमानामाथि सोसल मिडियाको जमानामा वैज्ञानिक तथा चौतर्फी अध्ययनको शुरूवात भने भएको पाइन्छ । यस प्रकार यदि विभिन्न स्रोतहरूलाई आधार मान्ने हो भने नेपालका सीमा मिच्ने कार्य भारत तथा चीन दुईटैबाट भएको पाईन्छ । पछिल्लो पटक नेपालमा कतिसम्म अराष्ट्रिय तथा चीन समर्थक नारा देखिए भने भारतविरूद्ध सीमा मिचेको नारासहित जुलुस काठमाडौंमा देखियो भने 'राष्ट्रवादी अभूतपूर्व एकता'को समाचार बन्छ भने सप्रमाण चीनविरूद्ध नारा र जुलुस बाटामा आउंदा मिडियामा समाचार बन्छ 'चीन र नेपालविरूद्ध रअ को प्रदर्शन' (यहि मंसीर पहिलो साताको *युनाईटेड पोष्ट* साप्ताहिक) ! यसले गर्दा नेपाली राष्ट्रियता चीनवाद हुँदै भारतलाई गाली गरिने एउटा टूल बनाउँदै सत्तारोहण गर्ने सिद्धान्तको 'सफल प्रयोग' नेपालका कम्युनिष्ट तथा राजावादी र केही पद नपाएका नेताबाट भएको देखिन्छ । केवल नेपालको पक्षमा बोल्ने ठोस दल तथा नेताको खडेरी देखियो । यसबीच चीन र भारत दुईटै देशले आफूहरू नेपालको भूमी नमिचेर असल छिमेकी रहेको दाबी गरेका छन् भने नेपालको सर्वोच्च अदालतले कालापानी नेपालकै हो भनेको छ र नेपालको परराष्ट्र मन्त्रालयले भारतको नक्शाप्रति विरोधको नोट पठाएको छ जुन ठोस कदमको रूपमा लिन सकिन्छ ।

हालसम्मको स्थितिलाई हेर्ने हो भने भारतसंग नेपालको २३ जिल्लामा करिब ७१ स्थानमा ६० हजार ६ सय २७ हेक्टर जमिन विवाद छ भने चीनले यस्तै नेपालको हुम्ला, रसुवा, सिन्धुपाल्चोक तथा संखुवासभा गरि ४ जिल्लाका ११ ठाउंमा गरि करिब ३६ हेक्टर जमिन मिचेको विवाद छ (पृ. ४ *मधेशवाणी*, २०७६।७।२२) । हाल भारतले राजा हरिसिंह देवद्वारा लिखित हस्ताक्षरवाला दस्तावेज भएको भारतीय भागको कश्मिरबाट 'एक देश-एक निशान'को भारतीय नीति अनुसार जम्मू-कश्मिरलाई अब जम्मू, कश्मिर तथा लद्दाख गरि केन्द्रशासित प्रदेशहरू गरि ३ राज्यमा विभाजन गरि पहिलाको संवैधानिक अनुच्छेद ३७० र धारा ३५ (अ) हटाएपछि उसको आफ्नो बढ्दो मनसुवा अनुसार गत ३ नोवेम्बरमा पहिले ईतिहासमा पाकिस्तानका पख्तून कबिलाहरूले सो काश्मिरको भागलाई हडप्पेको बाँकी भू-भाग (पाकिस्तान अधिनस्थ कश्मिर, बाल्टिस्तान, गिलिगस्टान) समेटेर भारतको नक्शामा जोडेर नयां नक्शा भनि त्यहांको भूगर्व विभागको सहयोगमा भारतीय विदेश मन्त्रालयले नेपाल-भारतबीच भनिएको विवादीत भाग कालापानीसमेत राखेर सार्वजनिक गरिएकोमा सो दिन यता नेपालमा सोको विरोध बढेको हो यद्दपी यो कालापानी भने पुरानो मामिला हो । हाल कालापानीबारे भारतीय नक्शा सार्वजनिक भएपछि गत ६ नोवेम्बर मंगलबारका दिन नेपालको परराष्ट्र मन्त्रालयले 'विवादित भूमीबारे निकालिएको एकतर्फी नक्शा आफूलाई मान्य नहुने' जनाएको छ भने सो को भोलीपल्ट भारतको विदेश मन्त्रालयले आफ्नो नियमित प्रेस कन्फ्रेन्समा 'सार्वजनिक नक्शा पुरानै हो, नयाँ होइन र हाल नयाँ परिस्थितिमा भारतको सम्पूर्ण भू-भागलाई जोडेर मात्र सार्वजनिक गरिएको हो । भारतले नेपालको कुनैपनि भाग नक्शामा देखाएको छैन र यदि नेपालले सीमाबारे कुनै विवाद देख्छ भने हामी बसेर वार्ताद्वारा सौहार्द्र वातावरणमा मिलाउने छौं । कोही द्विदेशीय सम्बन्ध बीच नखेलोस् !' बताएको छ ।

सन् १८१६ को ईष्ट ईण्डिया कम्पणी र नेपालबीच भएको सुगौली सन्धिलाई नेपाल र भारत दुईटै देशले आधार बनाएर काली नदीलाई आधार मानेर कालापानीलाई आ-आफ्ना दाबी गरिरहेको छन् जसमा महाकाली नदी वा कालीनदी वा सोका उद्‌गमबिन्दू लिम्पियाधुरा नै हो भनेर सो बेलाको कम्पणी सरकारले नखुलाई दिएकोमा समस्या बढेको हो (*कान्तिपुर*, मुख्यपृष्ठ समाचार, २०७६ कार्तिक २१/२२ गते) । नेपाल-भारतको ईपिजी प्रतिवेदन दुवै देशका सरकार प्रमुखले तयारभएर पनि नबुझिएको अवस्थामा एकाएक पाकिस्तान अधिनस्थ कश्मिर (पीओके)को सन्दर्भलाई जोडेर कालापानीबारे नक्शा सार्वजनिक हुनु अलि गम्भिरता थपिदिएको हो ।

नेपालको दाबी अनुसार कालापानी नेपालकै हो तर भारत-चीन बीच सन् १९६२ को युद्धको बेला रणनीतिक हिसाबले भारतले एकतर्फीरूपमा नदी तर्दै आफ्नो सैनिक विवादीत कालापानी भूमीमा राखेको हो र सोपछि आज सम्म भारतले सैनिकलाई फिर्ता नलगेर बंकर बनाउने र विवादीत भूमीको भाग लिपुलेकलाई चीनसंग व्यापारिक तथा सैन्य वार्ताको प्वाईन्ट बनाउने सहमति नेपालाई विना सामेल गराईकन सम्झौता गरेको हो । अत: यहाँनेर चीनपनि नेपालको मामिलामा गम्भिर नरहेको प्रष्ट्याउंछ । सन् १८१६ को सुगौली सन्धिपछि सन् १९६२ सम्म भारत मर्यादामा बस्नु र पछि मात्र कालापानी चीनसंगको युद्धमा टेक्नु भारतले पनि कालापानी विवादीत नै भूमी थियो देखाउंछ तर नेपाल सरकारले भारतीय सेनालाई कालापानीमा आउन दिनु अघि कुनै डकुमेन्ट तत्काल नमाग्नु राजा महेन्द्रको पञ्चायत टिकाउनु गरिएको जानीजानीको महाभूल हो । आजसम्म नेपालले ब्रिटेनसमक्ष धारणा सार्वजनिक गरिदिन सार्थक पहल नगर्नुले पनि कालापानी कसै एकको नभएर विवादित भूमी हो जनाउंछ । प्रष्ट प्रमाणहरू नक्शा र नेपाली जनताका लालपूर्जा तथा तिरेको करलगायतका कागजात आदिका आधारमा नेपालले बेलायतसंग कालापानीबारे रहेको सन् १८१६ अघिको नक्शा सार्वजनिक गर्न सहयोग माग्नुपर्छ ।

हो, यस विवादित कालापानी भूमीलाई हाल पाकिस्तानसंगको झगडामा भारतले रणनीतिकरूपमा समेटेर नक्शा सार्वजनिक गरेको हो तर मलाई एउटा कुरा ले लाग्छ भने एकातिर नेपाल-भारत ईपीजी प्रतिवेदन सार्वजनिक नहुनु तथा अमेरिकाले नेपाललाई भारतविरोधी ईश्लामी आतंकवादी संगठन हिज्बुल मुजाहिद्दिनको लागि उर्वरभूमी हो भन्ने आरोप लगाउनुले भारतले नेपालसंग प्रष्ट कुराकानी गर्न कूटनीतिक दबाव नक्शाकाण्डमार्फत् दिन चाहेको हो जुन भारतीय विदेश मन्त्रालयका प्रवक्ता रविश कुमारको पत्रकार सम्मेलनको भाषामा पनि झल्कन्छ 'यदि कुनै विवाद जस्तो लाग्छ भने हामी सौहार्द्र वातावरणमा बसेर मिलाउन सक्छौं, कुनै तेस्रो खेल्ने पक्षसंग सावधान होऔं !'

भारतको सुरक्षा दृष्टिकोणले हेर्ने हो भने हिज्बुल मुजाहीद्दीनको अलावा चीनसंग यस्ता मारक क्षमताका मिसाईलहरू छन् जसले भारतको सबै सहरलाई टार्गेट गर्न सक्छ भने भारतले चीनलाई निशाना बनाउन रणनीतिक हिसाबले कालापानी क्षेत्रलाई पायक ठान्छन् । त्यहीं नेपालका जानकार पुराना साधुसंतका कुरा मान्ने हो भने वर्तमान प्रधानमन्त्री मोदीले पारिवारिक असफल जिन्दगीपछि नेपाल पस्दा लिपुलेकनेर एउटा प्रसिद्ध गुफ्फामा निकै समय साधु गुरूलाई सेवा गरिकन बसेका हुन् र यस क्षेत्रको चीनसंग व्यापारिक, सुरक्षा तथा कैलाशतीर्थ जानेलगायत सबै रणनीतिबारे जानकारी छन् ।

चीनले नेपाललाई अमेरिका, युरोप तथा भारतसितको व्यापारिक वा सैन्य रणनीति अन्तर्गत 'चन्ना-चट्पट्टे' अर्थात् चाहिने जति सहयोग दिल खोलेर र नि:स्वार्थ नदिएर केवल नेपाललाई खुशी देखाउन भारतविरूद्ध नेपाली दलका केही नेताहरूलाई व्यक्तिगत प्रलोभन दिएर उक्साएको देखिन्छ । खासै नेपाल देश समग्रको हीतमा धेरै कम नै सहयोग चीनले गरेको छ । त्यहीं चीनले बहादुर शाहसंग नेपाल-भोट युद्धको बेला जुन पिल्लर 'सावधान ! यहाँबाट असभ्य लुटेरा र चोरहरूको देशको सीमा आरम्भ हुन्छ' भन्ने गाली नेपाललाई तिब्बती भाषामा लेखेर गाडेको छ, त्यसलाई नै आजसम्म बदलेको छैन ! कहिले नेपालमा अति स्वादिष्ट शुद्ध गाईको दूधको चक्लेट 'अति सस्तो' भनी पठायो तर पछि देखियो कि चीनले सबै म्याद नाघेका चक्लेट फ्यांक्नुको साटो नेपालमा 'सस्तो र मित्रता कायम' गर्न नेपालीलाई मर्न पठायो । यस्ता कति छन् कति, तर चीनसंग नेपालले बिर्सनै नसक्ने घट्ना बीपी कोइराला जननिर्वाचित प्रधानमन्त्री बन्नुहुंदा सिन्धुपाल्चोक जिल्लाको सम्पूर्ण एउटा नेपाली गाविस नै सो बेला हड्पेको हो जुन *तरूण* साप्ताहिकले छापिसकेको छ । सो अनुसार बीपी कोइराला प्रमको रूपमा माओत्सेतुङसंग भेट्न चीन जांदा अचानक सो नेपाली गाउं चीनको हो भनेर एकतर्फीरूपमा नक्शा देखाईयो जसप्रति प्रम कोइरालाले 'यस्तो नक्शा नेपालले पनि बनाउन सक्छ तर हामी त्यसो नगरौं र युएनओलगायतले मान्ने नक्शा मानौं' प्रतिक्रिया दिए जसको रीसमा माओत्सेतुङले बीपीलाई ब्ल्याकलिष्टमा हाले र कहिल्यै पुन: चीन भ्रमणमा बोलाएन । धेरै वर्ष कुरेर नेपालमा जब 'अति राष्ट्रवादी' प्रधानमन्त्री कीर्तिनिधि विष्ट भए अनि चीनको 'सदिच्छा' अनुसार २०३० सालमा सिंहदरबारमा त्यही कोठाको आलमीडाबाट आगलागी भयो जसमा सिन्धुपाल्चोकको सो नेपाली गाविसको अन्तर्राष्ट्रिय नक्शा थियो र आगलागी आज सांझ हुंदा भोली बिहान करिब ९ बजेमात्र दमकल आगो निभाउन गयो ! यतिमात्र होइन कि करिब चारवर्ष अघि नै लिपुलेकबारे भारतले जब चीनसंग सम्झौता गर्‍यो, सो बेला चीनले नबोलेर केवल नेपालको सद्‌भाव बटुल्न पछि विज्ञप्ति किन जारि गर्‍यो ? चीनले नेपालको सगरमाथा कुनै बेला आफ्नो नै हो भने दाबी गरेकै हो भने चीनीयाँ राष्ट्रपति पछिल्लो पटक नेपालको भ्रमण गर्दा पहिला भारतको अनौपचारिक भ्रमण गरि उतै नेपालबारे सबै कुरा तय गरेर केवल नेपाललाई जानकारी गराउन आए ।

सक्दो विश्वमञ्चमा जानै नपरोस् भनेर नेपालले सौहार्द्र वातावरणमा द्विपक्षीय वार्ताबारे लगातार प्रयास गर्नुपर्छ र नभए नेपालबारे हामीले सप्रमाण आवाज विश्वमञ्चमा राख्ने । नेपाल-भारतले संयुक्तरूपमा युएनओ वा ब्रिटेनलाई सो बारे तटस्थ धारणा सप्रमाण सार्वजनिक गर्न माग गर्न सक्छन् । नेपालका केही उग्र भारतविरोधी नेता-लेखक तथा चीनकै उग्र विरोधी वा छिमेकी दुवै देशका लम्पसारवादीहरूबाट सरकारीस्तरमा पर रहेर सत्य-तथ्यको लागि सार्थक काम हुनुपर्छ । नेपाल-भारतले कालापानी वा अन्य रणनीतिक महत्वको विवादीत भूमी समस्या मिलाउन भारतले हाल बंगलादेशसंग अपनाएको कुनै ठाउंमा एउटाले छोडे भने क्षतिपूर्ति अन्य ठाउंमा पाउने मोडल अपनाउन सक्छन् । नेपाल सरकारले आजसम्म देशको नक्शाबारे ठोस काम नगरेकोमा अल्छिपना, उनीहरूको अदूरदृष्टि तथा विगतमा चुकेको देखाउंछ जहां गैरमधेशी नेताले नै यस्ता गरेका छन् भने मधेशी जनताले जहिलेपनि नेपालको सीमाना सुरक्षा गरेका छन् । नेपाल सरकारले नेपालको नक्शाविवाद आफ्ना छिमेकीसंग सुल्झाउने टिममा मधेशीलाई पनि समावेश गर्नैपर्छ र पहिला आफ्नै देशभित्र सबै जनता तथा राजनैतिक दलहरूको विश्वास नेपाल सरकारले जित्नुपर्छ । विदेशनीतिमा सरकार बदलेपनि नेताहरूको आवाज एक हुनुपर्छ । नेपालका विगतका सरकारहरू चीन वा भारतसंग विगतमा महाकाली वा टनकपुर सन्धिहरू गर्दा प्रष्टरूपमा सबैले जान्ने गरी गर्नुपर्छ । नेपालको सीमा समस्या नदीनाला मात्रै भएकोले पनि नदीले बहावरूट परिवर्तन गरिदिंदा पनि थपिंदै गएको हो अत: आजको स्याटेलाईटभएको जमानामा नेपाल सरकारले राम्ररी नै सीमा विवाद सदाको लागि समाधान गर्न पहल गर्नुपर्छ । नेपालको छिमेकीसंगको सामञ्जस्यता बनाईराख्न जे सत्यतथ्य अन्तर्राष्ट्रिय प्रमाण आउंछ, त्यो नेपाल सरकार, मीडीया, दलहरूले मान्नुपर्छ र युवा भड्‌काउने बयानबाजी बन्द गर्नुपर्छ । त्रेतामा श्रीरामले किस्किन्धा वा श्रीलंकामाथि आक्रमण गर्दा सत्यको विजयपछि कहिल्यै ती देशमाथि आधिपत्य जमाएनन् भने भारतीय नीति आजपनि मोदी सरकारले विश्वमञ्मा बोली रहेका हुनाले नेपालको मामिलामा सप्रमाण प्रयोग गर्न कूटनीतिक पहल गर्नुपर्छ । त्यस्तै, सीमामा आईराख्ने विवादको बेला छिमेकले सेना नै खटाउंदा सेनासंग आम जनता वा नेता वा कर्मचारीले कुरा गर्न नमिल्ने भएकोले नेपालले नापी विभाग भूमि सुधार मन्त्रालयबाट रक्षा मन्त्रालय अन्तर्गत राख्नुपर्छ जसको अर्थ युद्ध गर्नु नभएर सेनास्तरमा वार्तालाप गर्न सहज भन्नु हो ।

*(लेखक पाटन संयुक्त क्याम्पसमा उपप्राध्यापक हुन्)*

## मधेश अपडेट

### काठमाडौं-तराई/मधेश द्रुतमार्ग निरीक्षण

काठमाडौं । उपप्रधान तथा रक्षामन्त्री ईश्वर पोखरेलले राष्ट्रिय गौरवको आयोजना काठमाडौं-तराई/मधेश द्रुतमार्ग आयोजनाको निर्माणाधिन सडकको निरीक्षण भ्रमण गरेका छन् । उक्त निरीक्षणको क्रममा उपप्रधान तथा रक्षामन्त्री पोखरेलले मख्खुवेशी, सिस्नेरी, बुदुने, राजदमार, बागदेव ईलाका र निजगढ स्थित जिरो प्वाइन्टको स्थलगत निरीक्षण गरी त्यहाँको स्थानीय कमाण्डर (साइट इन्चार्ज) बाट वस्तुस्थिति तथा कार्य प्रगतिको बारेमा जानकारी लिएका छन् । साथै राजदमार क्याम्पमा रहेको नर्सरी र गुणस्तर परीक्षण ल्याबको समेत निरीक्षण गरेका छन् । निरीक्षणको क्रममा रक्षामन्त्री पोखरेलले आयोजनालाई समयमा नै सम्पन्न गर्न आईपर्न सक्ने मुख्य चुनौतिहरूको बारेमा समेत जानकारी लिएका छन् । उक्त निरीक्षणमा राष्ट्रिय योजना आयोगका उपाध्यक्ष प्रा.डा.पुष्पराज कँडेल, नेपाली सेनाका प्रधानसेनापति पूर्णचन्द्र थापा, रक्षा सचिव रेश्मिराज पाण्डे, भौतिक पूर्वाधार तथा यातायात सचिव देवेन्द्र कार्की, रथीवृन्द, अर्थ मन्त्रालयका सह सचिव, सम्बन्धित क्षेत्रका विज्ञहरू र नेपाली सेनाका अधिकृतहरूको समेत सहभागिता रहेको थियो ।

### प्लाष्टिकजन्य झोला निषेधित

जनकपुरधाम । प्रदेश २ को अस्थायी राजधानी जनकपुरधामस्थित मधेश भवन परिसरभित्र प्लाष्टिकजन्य झोला, ब्याग, गिलास, प्लेट आदि निषेध गरिएको छ । प्रदेश २ को उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालयको निमित्त सचिवस्तरीय बैठकले बुधबार यस्तो निर्णय गरेको हो । वातावरणलाई नकारात्मक प्रभाव पार्ने एक प्रमुख तत्व प्लाष्टि रहेको र बायोडिग्रेडेबल नभएकोले यसको प्रयोगबाट मधेश भवनको सौन्दर्यतामा ह्रास ल्याउने भएकोले प्लाष्टिजन्य पदार्थ निषेधित गरिएको हो ।

### सचेतनामूलक प्रशिक्षण सम्पन्न

रूपन्देही । बुटवल उपमहानगरपालिका-१२ स्थित कालिका मानवज्ञान उच्च माध्यमिक विद्यालय तथा सोही उपमहानगरपालिका-८ स्थित एभरेष्ट ईङलिस बोर्डिङ उच्च मावि सुख्खानगरमा समुदाय-प्रहरी साझेदारी कार्यक्रमा अन्तर्गत सचेतनामूलक प्रशिक्षण सोमबार सम्पन्न भएको छ । कार्यक्रममा ५ नम्बर प्रदेश प्रहरी तालिम केन्द्रका समादेशक प्रहरी वरिष्ठ उपरीक्षक डा.गणेश रेग्मीले समुदाय(प्रहरी साझेदारी अवधारणा, नागरिक प्रहरी सम्बन्ध, लागूऔषध तथा विभिन्न अपराध सम्बन्धमा दुवै विद्यालयका विभिन्न संकायमा अध्ययनरत विद्यार्थीहरूलाई प्रशिक्षण प्रदान गरे । भविष्यका नीधि युवा विद्यार्थीहरूलाई सुन्दर भविष्य निर्माणमा सहयोग पुर्या्उने उत्प्रेरणमूलक प्रशिक्षण दिनुका साथै उनले दुबै विद्यालयका विद्यार्थीहरूसँग समसामायिक विषयमा अन्तरक्रिया समेत गरेका थिए ।

### राजपाको गढमा नेकपाको कब्जा

महोत्तरी । उपनिर्वाचनअन्तर्गत प्रदेश २ को महोत्तरीको पिपरा गाउँपालिका अध्यक्षका लागि भएको चुनावमा अन्तत: नेपाल कम्युनिष्ट पार्टी (सूर्य छाप)ले बाजी मारेको छ । नेकपाका विक्रम चौधरीले ३ हजार २४९ मत प्राप्त गरी निर्वाचित भएका छन् भने निकटतम प्रतिद्धन्द्धी समाजवादी पार्टीका रामजानकी यादव ३ हजार ४१ मत ल्याए । त्यस्तै राजपाकी रविताकुमारी चौधरीले २ हजार ९६६ मत प्राप्त गरेकी छन् भने कांग्रेसका बिजयकुमार यादवले १ हजार ९३५ मत प्राप्त गरे । यसअघि पिपरा गाउँपालिका अध्यक्षमा राजपाबाट विनोद चौधरी निर्वाचित भएका थिए । मतगणनाका बेला निकै रोचक देखिएको त्रिपक्षीय भीडन्तमा नेकपाले बाजी मारेको हो । मतगणनाको सुरूवाती अवस्थमा राष्ट्रिय जनता पार्टी नेपालले अग्रता लिँदै आएको थियो भने नेकपाले पछ्याउँदै आएको थियो । परिणाम अन्तिमसम्म आइपुग्दा बाजी पल्टिएको थियो ।

### तिलौराकोटको प्रचारप्रसारमा सरकार

कपिलवस्तु । नेपाल भ्रमण वर्षको प्रचारप्रसारमा सरकार जुटेको छर । तर, मुलुककै महत्वपूर्ण पर्यटकीय गन्तव्य प्राचीन कपिलवस्तु (तिलौराकोट) को प्रचार भने भएको छैनर । तिलौराकोट राजा शुद्धोदनको राजप्रासाद तथा राजकुमार सिद्धार्थले २९ वर्षको युवावस्था बिताएको स्थल होर । तिलौराकोट विश्व सम्पदाको प्रारम्भिक सूचीमा परेको छर । यो प्रदेश ५ को प्रमुख पर्यटकीय गन्तव्य पनि होर । बेलायतको डुंहाम युनिभर्सिटी, पुरातत्व विभाग र लुम्बिनी विकास कोषका पुरातत्वविद् एवं विशेषज्ञ संलग्न टोलीले ६ वर्षदेखि उत्खनन, अध्ययन र अन्वेषण गर्दै आएको छर । यहाँ ईशापूर्व आठौं शताब्दी (२८ सय वर्ष) अघि मानव बसोबास भएको तथ्य पाइएको छर । त्यसको दुई सय वर्षपछि ईशापूर्व छैठौं शताब्दीमा सहरीकरण भएको प्रमाण भेटिएको छर । यस्तो प्राचीन मानव बसोबास रहेको ठाउँलाई सरकारले भ्रमण वर्षका बेला उपेक्षा गरेको होर ।

### "प्रदेश सरकार जनताको साथमा छ"

धनगढी । सुदूरपश्चिम प्रदेश सरकारका आन्तरिक मामिला तथा कानुनमन्त्री प्रकाशबहादुर शाहले नेपालको संविधानले जातीय समानतालाई पैरवी गरेको बताएका छन् । बुधबार धनगढीमा राष्ट्रिय दलित नेटवर्क नेपालद्धारा आयोजित संसदीय प्रक्रिया र संसदीय निगरानीका लागि प्रदेशसभा सदस्यको नेतृत्वदायी भूमिका विषयक कार्यशाला गोष्ठीमा बोल्दै मन्त्री शाहले परापूर्वकालमा कर्मको आधारमा विभाजन गरिएको जातीय सभ्यतालाई संविधानले समान रूप दिएको धारणा राखे । समाजमा पछाडि पारिएका दलित तथा सीमान्तकृत वर्गलाई राज्यको मुलधारमा ल्याउन संविधानले महत्वपूर्ण भूमिका खेलेको उनको भनाई थियो । समाजमा विभाजित जातीयतालाई सकारात्मक विभेदका रूपमा अगाडि सार्नुपर्छ । उनले भने । जनताको विश्वास जित्नु नै नेतृत्व हो भन्दै मन्त्री शाहले प्रदेश सरकार सधैं जनताको पक्षमा रहेको र जनताको समस्या समाधानका लागि कसरी अगाडि बढ्ने विषयमा आफूहरू लागिपरेको बताए ।




बालबालिकाहरूलाई अनिवार्य रूपमा विद्यालय पठाऔं,
शिक्षा दिएर असल नागरिक बनाऔं,
चर्पीमा मात्र दिसापिसाब गराऔं, गाउँघरलाई सफा र स्वच्छ राखौं ।

मटिहानी नगरपालिका
महोत्तरी

# प्रधानमन्त्री केपी शर्मा ओली सरकारका नियुक्तिहरू

| | | | | |
|---|---|---|---|---|
| [illegible] | [illegible] | [illegible] | [illegible] | [illegible] |

## संक्षिप्त समाचार

### तराई इन्जिनियर्स समाजमा झा

जनकपुरधाम । तराई इन्जिनियर्स समाजका अध्यक्ष इ. अजित कुमार यादवको अध्यक्षतामा बसेको बृहत बैठकले प्रदेश न. २ मा नयाँ कार्य समिति सर्वसहमतिले गठन गरेको छ । नयाँ गठन भएको कार्य समितिको अध्यक्षमा इन्जिनियर भगवान झा, उपाध्याक्ष इ.गौरी पंडित, सचिव इ.मनोज कुमार यादव, सहसचिव इ.इन्जमामुल हक, कोषाध्यक्ष इ.सोनालिका ठाकुर रहेका छन् । त्यसैगरी सदस्यहरूमा इ.महेश यादव, विजय कुमार ठाकुर, राम इश्वर यादव, सुशिल कुमार राय, भरत साह र हैदर इमाल रहेका छन् ।

### महोत्सवमा उत्साहजनक सहभागिता

रूपन्देही । भैरहवामा लम्बिनी पर्यटन प्रबर्द्धन औद्योगिक व्यापार तथा कृषि महोत्सव-२०७६ मा दर्शकको उत्साहजनक सहभागिता रहेको थियो । मंसिर ३ गतेदेखि भएको महोत्सवमा दर्शकको उत्साह र सहभागिताले आयोजक निकै सन्तुष्ट देखिएका छन् । दर्शकको उपस्थितिले आफुहरू सन्तुष्ट भएको मेला मुल आयोजक समिति संयोजक नारायण प्रसाद भण्डारीले बताए । दर्शकको चाप बढी भएपछि आयोजकले दर्शकलाई सहजै टिकटको व्यवस्थापन गर्नको लागि नियमित टिकट काउण्टरको अलवा ५ वटा टेबल बाट टिकट उपलब्ध गराएर भिडको व्यवस्थापन गरिएको सचिवालय संयोजक अनिल कुमार ज्ञवालीले बताए । भैरहवाको इतिहासमा सबैभन्दा बढी सहभागिता रहेको स्टल संयोजक रामचन्द्र रेग्मीले बताए । उनका अनुसार महोत्सवमा ४ सय स्टल दर्ता भएका थिए ।

### सुनसहित फेरि एक चिनियाँ पक्राउ

काठमाडौं । नेपालमा तस्करी तथा अवैध सामान ओसारपसार गर्ने चिनियाँ गिरोह सक्रिय भएको देखिएको छ । नेपालका बैंकबाट पैसा चोर्नेदेखि लिएर सुन तस्करी गर्नेसम्मका गिरोहहरू पक्राउ परेका छन् । त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलबाट राहदानी नम्बर ईआई ७९९७८८२ वाहक चिनियाँ नागरिक २२ वर्षीय सा लुटुइ एक किलो सुनसहित शुक्रबार राति पक्राउ परेका छन् । तिब्बत एयरको उडानद्वारा चीनबाट काठमाडौं आएका उनलाई भन्सार कार्यालय र प्रहरीको संयुक्त टोलीले पक्राउ गरेको हो । आगमन कक्षको भन्सार वाकथ्रु गेटमा जाँच गर्ने क्रममा शरीरमा शंकास्पद बस्तु रहेको मेटल डिडेक्टरले संकेत गरेपछि नियन्त्रणमा लिएर केएमसी सिनामंगल लगि एक्सरे गर्दा मलद्वारभित्र ४ वटा टुक्रामा लुकाइ ल्याएको उक्त परिमाणको सुन निकालिएको थियो ।

### धनपालथान-२ मा कांग्रेस विजयी

विराटनगर । मोरङको धनपालथान गाउँपालिका-२ मा नेपाली कांग्रेस विजयी भएको छ । कांग्रेसका नारायण प्रसाद साह १ हजार ७ सय १ मतसहित विजयी भएका हुन् भने उनका निकटतम प्रतिस्पर्धी नेकपाका पंकज मण्डलले १ हजार ४९७ मत पाए । यसैगरी, राप्रपा संयुक्तका उम्मेदवार ज्योति पासवानले २४, जनमत पार्टीकी चनरादेवी मण्डलले ९, नेपाल लोकतान्त्रिक पार्टीका देवनारायण मण्डलले ८, मंगोल नेशनल अर्गनाइजेशनका मेघनाथ पासवानले ७ मत पाए ।

### रौतहटमा कांग्रेसका श्रेष्ठ विजयी

रूपेन्द्र पटेल, रौतहट । रौतहटको गढीमाई नगरपालिका वडा नं. २ मा नेपाली कांग्रेसका दिपेन्द्र श्रेष्ठ विजयी भएका छन् । ७ सय ७१ मत ल्याएर श्रेष्ठ विजयी भएका हुन् । नेकपा उम्मेदवार जवार मियांलाई १ सय ७५ मतको अन्तरले हराउँदै श्रेष्ठ विजयी भएका हुन् । उनका निकटतम् प्रतिद्वन्द्वी नेकपाका उमेदवार जवार मियाँले ५ सय ९६ मत ल्याएका थिए । समाजवादी पार्टीको तर्फबाट उमेदवार बनेका दिनेश दासले १ सय २२ मत ल्याएए । १ हजार ८ सय २२ मत रहेको सो वाडमा २ वटा मतदान स्थलको ३ वटा केन्द्रबाट मतदान भएको जिल्ला निर्वाचन कार्यालय रौतहटका निर्वाचन अधिकारी छोटेलाल दासले बताएका छन् ।

### कृषिप्रति सरकार उदासीन

रूपन्देही । कृषिप्रधान देश मुलुकमा कृषि क्षेत्रमा थुप्रै समस्या भएको एक कार्यक्रमका सहभागिहरूले औल्याएका छन् । कार्यक्रममा सहभागि किसानहरूले सरकारबाट पाउनुपर्ने अनुदान वास्तविक किसानले नपाइ पहुँचवालाले पाएको गुनासो गरेका छन् । उनीहरूले कृषिको विकास बिना मुलुक समृद्ध हुन नसक्ने कुरा सबैलाई अवगत हुँदाहुँदै पनि कृषि क्षेत्रमा सरकारको खासै ध्यान जान नसकेको बताए । किसानले परिश्रम गरेर उत्पादन गरेको वस्तुको मूल्य किसानले कम पाउने तर उपभोक्ताले उक्त वस्तुको बढी मूल्य तिर्नुपर्ने स्थितिको अन्त्य हुनुपर्ने उनीहरूको भनाइ छ ।

### फरार प्रतिवादी पक्राउ

बाँके । लेनदेन मुद्दामा ३ महिना कैद सजाय ठहर भई फरार रहेकी प्रतिवादी नेपालगंज उपमहानगरपालिका-१८ कारकाँदो बस्ने ३५ वर्षीया गिता कुमारी खड्कालाई सोमबार दिउँसो प्रहरीले पक्राउ गरेको छ । जिल्ला प्रहरी कार्यालय बाँकेबाट खटिएको प्रहरीले उनलाई नेपालगंज उपमहानगरपालिका-१८ स्थित यातायात कार्यालयबाट पक्राउ गरेको हो । खड्कालाई फैसला कार्यान्वयनको लागि जिल्ला अदालत बाँकेमा बुझाएको जिल्ला प्रहरी कार्यालय बाँकेले जनाएको छ ।

### ट्रकको ठक्करबाट दुईको मृत्यु

बाँके । नेपालगंज उपमहानगरपालिका-१ धम्बोझीस्थित सडक खण्डमा भे.१ ख २८४७ नम्बरको मिनि ट्रकको ठक्करबाट साइकलयात्री सोही उपमहानगरपालिका-१८ बस्ने ३७ वर्षीय दल बहादुर रावललाई र हाल नाम, थर वतन नखुलेका १ जना पैदलयात्रीको बुधबार दिउँसो मृत्यु भएको छ । ट्रकको ठक्करबाट गम्भीर घाइते भएका दुवै जनाको नर्सिङहोम नेपालगंज बाँकेमा उपचारको क्रममा मृत्यु भएको हो । ट्रक र चालकलाई प्रहरीले नियन्त्रणमा लिएको छ ।

### नगर स्वास्थ्य भवन निर्माण हुँदै

धनगढी । मुक्तकमैयाले विगत डेढ दशकदेखि उपभोग गर्दै आएको जमिनमा नगर स्वास्थ्य भवन निर्माण हुन थालेको छ । धनघढी उपमहानगरपालिका -८ स्थित राधाकृष्णका मुक्तकमैया बस्तीका तीन परिवारले उपभोग गर्दै आएको जमिनमा वडा कार्यालयले नगर स्वास्थ्य भवन बनाउन थालेको हो । जग्गा उपभोग गर्दै आएका मुक्तकमैयाले आफूहरूलाई उठाउने षडयन्त्रका साथ जग्गा लिएको आरोप लगाएका छन् । यहाँबाट हामीलाई लखेट्ने उद्देश्यका साथ हामीले उपभोग गर्दै आएको जग्गामा रूवास्थ्य भवन बनाउन लागिएको हो, मुक्तकमैया सुल्फी चौधरीले भन्नुभयो, मेरो त घरसमेत हटाउनुपर्ने भन्दै आएका छन् ।


## सर्वसाधारणमा अनुरोध

विवाहमा लेनदेन गर्ने तथा दाइजोको कारण सताउने व्यक्तिलाई पाँच वर्षसम्म कैद वा ५० हजार रूपैयाँसम्म जरिवाना वा दुवै सजाय हुने भएकोले त्यस्ता अमानवीय काम नगरौं/नगराऔं । मञ्जुरीबिना भएको विवाह, हाडनातामा भएको विवाह, बालविवाह, बहुविवाह गर्नु/गराउनु अपराध हो । त्यसैले यस्ता क्रियाकलाप नगराऔं/नगरौं । भेदभाव, छुवाछूत र अमानवीय व्यवहार गर्नेलाई तीन महिनासम्म कैद वा तीन हजार रूपैयाँसम्म जरिवाना वा दुवै हुने भएकोले कसैसँग यस्ता व्यवहार नगरौं ।

**आन्तरिक मामिला तथा कानून मन्त्रालय**

प्रदेश नं. २

जनकपुरधाम, धनुषा, नेपाल

**बालबालिकाहरूलाई अनिवार्य रूपमा विद्यालय पठाऔं,**

**शिक्षा दिएर असल नागरिक बनाऔं,**

**चर्पीमा मात्र दिसापिसाब गराऔं,**

**गाउँघरलाई सफा र स्वच्छ राखौं ।**

**जलेश्वरनाथ नगरपालिका**

महोत्तरी

# गढीमाईलाई विश्व सम्पदा सूचीमा राख्न माग

काठमाडौं । नेपाल कम्युनिष्ट पार्टी (नेकपा) प्रदेश नम्बर २ का अध्यक्ष प्रभु साहले बाराको गढीमाईलाई युनेस्कोको विश्व सम्पदा सूचीमा राख्न आग्रह गरेका छन् ।

प्रत्येक पाँच वर्षको अन्तरालमा लाग्ने विश्वकै ध्यान केन्द्रित गर्ने र लाखौं तिर्थालु एवम पर्यटकको आगमन हुने ऐतिहासिक गढीमाई क्षेत्रलाई विश्व सम्पदामा सुचिकृत गराउन पहल गरिदिन सरकारलाई आग्रह गरेका छन् ।



'तपाईं हामी सबैलाई थाहा भएकै कुरा हो कि गढीमाई मन्दिर एउटा धार्मिक महत्व बोकेको ऐतिहासिक धरोहर हो । यसको पौराणिक इतिहास त छदैछ साथसाथै विश्वकै ध्यान केन्द्रित गर्ने महामेला पनि लाग्ने गर्दछ' साहले भने, 'विशेष ऐतिहासिक भूमी सिम्रौनगढ र मधेशको फरक संस्कृतिको प्रतिनिधित्व गर्ने गढीमाईलाई विश्वसम्पदाको रूपमा स्थापित गर्न सके यसले मधेशको गौरव बढाउनेछ, त्यसैले सरकार र युनेस्कोले यसमा पहल गरिदिन अनुरोध गर्दछु ।'

नेपालको आर्थिक उन्नतिका पर्यटन क्षेत्रको महत्त्वपूर्ण योगदान रहेको जिकिर गर्दै अध्यक्ष साहले मधेशको विविधतायुक्त संस्कृति, परम्परा र ऐतिहासिक धरोहरको उचित प्रवर्द्धन गरि मधेशमा पर्यटक भित्र्याउन सकिने बताए ।

गढीमाईलाई विश्व सम्पदा सूचीमा राख्नु त्यसको आधार बन्ने उनको विश्वास छ । अध्यक्ष साहले माता जानकीको जन्मस्थल जनकपुरस्थित जानकी मन्दिरलाई पनि विश्व सम्पदा सूचीमा समेट्न आग्रह गरेका हुन् ।

हाल नेपालका १० वटा सम्पदा युनेस्कोले सूचीकृत गरेको छ जसमध्ये प्रदेश नम्बर २ मा एउटा पनि परेको छैन ।

## कानु समाजद्वारा नि:शुल्क स्वास्थ्य शिविर

विवेक शर्मा, रौतहट । पाँच वर्षमा लाग्ने प्रसिद्ध गढीमाइको मेलामा सुनदरपुर कानु समाजद्वारा नि:शुल्क स्वास्थ्य शिविरिको आयोजना गरिएको छ । हजारभन्दा बढी दर्शनार्थीहरूलाइ नि:शुल्क सेवा दिइएको कानु समाजले बताएको छ । दर्शन गर्न आएका भक्तजनहरूलाइ कुनै किसिमको स्वस्थ्य समस्या भएमा नि:शुल्क स्वास्थ्य चेकजाँच गर्ने तथा औषधी उपलब्ध गराउने उदेश्यले यो स्वास्थ्य शिविर सन्चालन गरिएको हो । उक्त स्वास्थ्य शिविरमा निमोनिया, दम, बिपि हाइको साथै सम्पुर्ण आकस्मिक सेवा सुविधा सहित इमजेन्र्शीको सम्पुर्ण औषधी उपलब्ध गराउनुको साथै ऐम्बुलेन्सको समेत व्यवस्था गरिएको छ । शिविरमा लगभग ५० हजारको औषधी वितरण भैसकेको शिविर सन्चालन समिति कुन्दन प्रसाद साहले जानकारी दिएका छन् ।

## डिजिटल प्रविधि जडान

कैलाली । स्थायी राजधानी धनगढीस्थित सुदुरपश्चिम प्रदेशसभा अब डिजिटल प्रविधिमा जाने भएको छ । सभामुख अर्जुनबहादुर थापाका अनुसार अब चाँडै सुरू हुने हिउँदे अधिवशेनदेखि प्रदेशसभा डिजिटल प्रविधिमा जाने भएको हो । प्रदेश सभा सचिवालयले प्रदेशसभा भवनमा राखिएको मेनुबल प्रविधि हटाएर डिजिटल प्रविधि जडान गरिसकेको छ । यसैगरी प्रदेशसभाले भिडियो कन्फ्रेन्स प्रणालीसमेत जडान गरिरहेको सचिव धामीले बताए ।

## वास्तविक नियन्त्रण रेखा नहुँदा अतिक्रमण बढ्यो : भारतीय रक्षामन्त्री सिंह

नयाँदिल्ली । भारतका रक्षामन्त्री राजनाथ सिंहले भारत र चीनबीचको वास्तविक नियन्त्रण रेखाको विषयमा अलग-अलग धारणा भएकै कारण अतिक्रमण बढेको बताएका छन् । बुधबार लोकसभामा बोल्दै सीमाको विषयमा कसैले चिन्ता लिनु नपर्ने र भारतीय सेना पूर्णरूपमा तयारी अवस्थामा रहेको उनले बताए । लोकसभाको शून्य समयमा कांग्रेसका अधीर रञ्जन चौधरीले चिनियाँ सेनाका भारतीय क्षेत्रमा प्रवेश गरेको दाबी गरेका थिए । 'हामी जहिले पनि पाकिस्तानसँग आक्रामक व्यवहार गर्छौं,' उनले प्रश्न गरे, 'तर, पाकिस्तानलाई पछाडिबाट सहयोग गरिरहेको चीनप्रति सधैं नरम व्यवहारमा किन ?'

रक्षामन्त्री सिंहले भने, "म यस सदनलाई र सदनका माध्यमबाट देशबासीलाई विश्वस्त पार्न चाहन्छु कि सीमा सुरक्षाका विषयमा भारतीय सेना पूर्णरूपमा तयारी अवस्थामा छ । भारतीय सीमाको रक्षार्थ खटिएको सेना कुनै पनि किसिमको चुनौतीलाई सामना गर्न सक्षम छ । त्यसकारण चिन्ता लिनुपर्ने कुनै कारण छ ।'


# विषादीको सुरक्षित प्रयोग गरौं र स्वस्थ रहौं

- जीवनाशक विषादीहरू नि:सन्देह जीवघाती हुन् । होसियारीसँग प्रयोग नगरिएमा मृत्युसम्म हुन सक्छ ।
- रासायियिक विषादी अन्तिम विकल्पको रूपमा लिनुपर्छ ।
- विषादी प्रयोग गर्ने सम्पूर्ण व्यक्तिलाई विषादीबारे विस्तृत जानकारी हुनुपर्छ ।
- व्यक्तिगत सुरक्षाका लागि आवश्यक पोसाक लगाएर मात्र विषादी छर्नुपर्छ ।
- लेवलमा भएका जानकारीहरू तथा निर्देशनहरूअनुसार कार्य गर्दा विषादीबाट हुने असरबाट बच्न सकिन्छ ।
- विषादी छर्ने औजार चुहिने हुनुहुँदैन ।
- विषादी मिसाउँदा वा छर्दा सकभर छालामा सम्पर्क हुन नदिन वा श्वास प्रक्रियाबाट शरीरभित्र जान नदिन प्रयोग गर्नुपर्छ ।
- विषादी मिसाउँदा वा छर्ने बेलामा खान, पिउन वा धुम्रपान गर्न निषेध गर्नुपर्छ ।
- छिमेकीलाई विषादी छरेको जानकारी दिनुपर्छ ।
- केटाकेटीहरूलाई विषादी चलाउन राखेको समयमा नजिक आउन दिनुहुँदैन ।
- विषादी अन्तिम प्रयोग र वाली भित्र्याउने समयावधि जानकारी राख्नुपर्छ ।
- लक्षित गरेका किराहरू तथा प्रयोग हुने बालीहरूबारे जानकारी राख्नुपर्छ ।
- विषादीको म्याद सकिने मिति तथा प्रयोग गर्ने मात्रासम्बन्धी जानकारी हुनुपर्छ ।
- धेरै हावा चलेको वा हुरी लागेको बेलामा विषादी छर्नुहुँदैन ।
- विषादी छरिसकेपछि बाँकी भएको विषादी भण्डारणमा वा सुरक्षित ठाउँमा पुऱ्याउनुपर्छ ।
- खाली विषादीको भाँडा ठीक ठाउँमा नष्ट गर्नुपर्छ ।
- विषादी छरिएको 'रेकर्ड' राख्नुपर्छ । जस्तै विषादीको नाम, मात्रा, छरेको मिति, बालीको अवस्था, छरेको बेलामा मौसम र अन्य विस्तृत जानकारी राख्नुपर्छ ।

प्रदेश सरकार
भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय
प्रदेश नं. २, धनुषा, नेपाल
सम्पर्क नं. : ०१५२२३५०
इमेल : malcprovince2@gmail.com


## परराष्ट्र सचिवस्तरीय वार्ता गरिने

काठमाडौं । नेपालले भारतसँगको सीमा विवाद समाधानका लागि परराष्ट्र सचिवको तहमा वार्ता अघि बढाउन दिल्लीसमक्ष प्रस्ताव गरेको छ । सन् २०१४ मा नेपाल र भारतका परराष्ट्रमन्त्री तहको संयुक्त आयोगले कालापानी र सुस्ता लगायत सीमाङ्कनसँग जोडिएका बाँकी विवाद हल गर्न दुवै देशका परराष्ट्र सचिवहरूलाई जिम्मेवारी दिए पनि पाँच वर्षसम्म पनि परराष्ट्र सचिवहरूको सीमा विवादबारे छलफल हुनसकेको छैन । प्रधानमन्त्री केपी शर्मा ओलीका परराष्ट्र मामिला सल्लाहकार राजन भट्टराईले नेपालले कालापानी विवाद दुईपक्षीय वार्ताका माध्यमबाट टुङ्ग्याउन भारतसँग लिखित रूपमा आग्रह गरेको जानकारी दिए । उनका अनुसार अहिले भएकै संयन्त्रहरूबाट यसको समाधान खोजौं भन्ने सरकारको प्रयास रहेको छ । उनले परराष्ट्र सचिवको तहमा छलफल भएपछि मात्रै के गर्ने भन्ने तय हुनसक्ने उल्लेख गरे ।

## बेवारिसे शव फेला

कपिलवस्तु । कपिलवस्तुमा एक वेवारिसे शव फेला परेको छ । कपिलवस्तु नगरपालिका वडा नम्बर ६ अन्तर्गत निगालीकोट र थुम्हवाको बीचमा आइतबार बिहानै शव भेटिएको हो । मृतकको पहिचान खुल्न नसकेको जिल्ला प्रहरी कार्यालय कपिलवस्तुका प्रहरी नायब उपरीक्षक रवि रावलले जानकारी दिए । रावलका अनुसार, मृतक अन्दाजी ६५ वर्षका छन् । स्थानीयले शव देखे पछि प्रहरीलाई खबर गरेका थिए । खबर पाए लगत्तै प्रहरी घटनास्थल पुगेको थियो । अहिले उक्त शव हेर्न स्थानीयको घुइँचो लागेको छ ।






# क्यान्सर

शरीरमा अनियन्त्रित रूपमा कोषहरूको असमान्य बृद्धि हुनुलाई क्यान्सर भनिन्छ । यो सरूवा रोग होइन ।

क्यान्सर रोग चेतावनीका चिन्हहरू :

- स्तनमा गिर्खा आउनु/गाँठागुँठी आउनु ।
- मुसा, कोठीमा परिवर्तन आउनु ।
- पाचनकृया र दिशा गर्ने बानीमा बारम्बार परिवर्तन आउनु ।
- लामो समयसम्म खोकी लाग्नु र स्वर परिवर्तन हुनु ।
- महिनाबारीमा धेरै रगत बग्ने अथवा अनियमित रगत बग्ने ।
- अन्य शरीरको भागबाट अनियमित रगत बग्ने ।
- कुनै घाउ वा सुजन निको नहुने ।
- शरीरका कुनै पनि अंगको कोषमा अनियन्त्रित बृद्धि हुन गई क्यान्सर हुन सक्दछ ।

तसर्थ क्यान्सर रोग लागेको शंका लागेमा तुरून्त नजिकको स्वास्थ्य संस्थामा सम्पर्क राखी उपचार बारे आवश्यक जानकारी लिनु पर्दछ ।

स्वास्थ्य कार्यालय,
काठमाडौं, टेकु


## स्थानीय सम्वाद

# व्यवस्थित सिंचाइ पहिलो प्राथमिकता



**विक्रम चौधरी**
**अध्यक्ष, पिपरा गाउँपालिका, महोत्तरी**

स्थापना : २०७३, जम्मा वडा : ७, जनसंख्या : ३५५२४, क्षेत्रफल : ३९.९८ (वर्ग कि.मी.), समावेश गाविसहरू : पिपरा, सहोडवा, बनौली दनौली, रतौली र एकरहिया, धार्मिक तथा ऐतिहासिक स्थल स(बौधीमाई मन्दिर,विद्यापति डीह, पिपरा महोत्तरी जिल्लाको जनकपुर-भिट्ठामोड मुख्य राजमार्गमा जनकपुरबाट ८ कि.मि. मा अवस्थित रहेको छ ।

**० राजपाको गढ मानिएको पिपरा गाउँपालिकामा तपाइँ निर्वाचित हुँदा कस्ता चुनौतीहरू देख्नुहुन्छ ?**

– सर्वप्रथम, पिपरा गाउँपालिकावासीले मलाई विश्वास गरेर जिताउनुभयो त्यसका लागि हार्दिक धन्यवाद ज्ञापन गर्न चाहन्छु । यस गाउँपालिकाभित्र धेरै चुनौतीहरू छन् । किनभने विगत दुई/अढाई वर्षमा यहाँ जुन किसिमले काम हुनुपर्ने थियो, त्यसरी कामै भएन । शिक्षा, सिँचाइ, स्वास्थ्य, सुशासन लगायतको क्षेत्रमा कामै भएको छैन । त्यसकै परिणामस्वरूप जनताको झुकाव नेपाल कम्युनिष्ट पार्टीप्रति बढेको हो । अब दिनरात खटेर जनतामा सुशासनको अनुभूति गराउने मेरो पहिलो दायित्व हो । विकास निर्माणको क्षेत्रमा हाम्रै गाउँपालिका भएर बग्ने नदीमा बाह्रैमास पानी हुन्छ । त्यो पानीलाई हामीले सिँचाइमा प्रयोग गर्न सक्यौं भने पिपरा, महोत्तरी र मटिहानी नगरपालिकाको सम्पूर्ण भूभागलाई सिँचाइ गर्नसक्ने अवस्थामा पुग्छौं । त्यसैले, पहिलो प्राथमिकतामा सिँचाइका लागि नदीमा बाँधको व्यवस्था गर्छौं ।

**० भनेपछि, अहिलेसम्म पिपरा गाउँपालिका केही कामै भएको छैन ?**

– केही उल्लेख्य काम भएको छैन । नारामा भन्नका लागि त हामीले भन्यौं कि सिंहदरबार गाउँमा आइसक्यो । तर, दरबार मात्रै आएर हुँदैन नि । त्यो दरबार आएको अनुभूति पनि जनतामा हुनुपऱ्यो । त्यो अनुभूतिका लागि जनताले जसरी ममाथि अपेक्षा राखेका छन्, त्यो अवश्य नै पूरा हुन्छ । हामीसँग पर्याप्त साधनस्रोतहरू छन् । यो गाउँपालिका भनेको साधनस्रोतले सम्पन्न गाउँपालिका पनि हो । सम्भावना हुँदाहुँदै पनि जनताले विकासको अनुभूति गर्न पाएका थिएनन्, अब हुन्छ । यहाँका जनताले १०/१५ दिनभित्रै अनुभूति गर्नेछन् कि अब यहाँ सुशासन छ, विद्यालयमा राम्ररी पठनपाठन सुरू भयो । यसभन्दा अघि लथालिङ्ग अवस्थामा पिपरा गाउँपालिका थियो ।

**० तपाइँको पहिलो प्राथमिकता के हुनेछ ?**

– यहाँका वृद्धवृद्धा, गर्भवती महिला र आकस्मिक दुर्घटनामा परेका व्यक्तिहरूका लागि एम्बुलेन्स सेवा नि:शुल्क गर्छौं । मुख्य ध्यानकेन्द्रित सिँचाइमै हुन्छ मेरो । किनभने यो कृषिप्रधान गाउँपालिका हो । समग्रमा यो गाउँपालिकालाई समृद्ध बनाउँछौं । यहाँका पर्यटनको पनि धेरै सम्भावनाहरू छन् । किनभने विद्यापतिको कर्मभूमि यही नगरपालिकाभित्र पर्छ । हामीले त्यसलाई पर्यटकीय क्षेत्रको रूपमा विकास गऱ्यौं भने त्यसले पनि आर्थिक टेवा पुऱ्याउँछ । विद्यापतिका अनुयायीहरूको एउटा ठूलो समुदाय भारतमा छन्, उहाँहरू यदि यहाँ आउनुभयो भने संस्कृति र पर्यटनको क्षेत्रमा राम्रै छलाङ्ग लगाउन सकिन्छ ।

**० सिँचाइको प्रबन्ध गर्छु भन्नुभयो, तर किसानले समयमा मलखाद्य, बीउ पाइरहेको हुँदैन । यसका के लागि गर्नुहुन्छ ?**

– सिँचाइको प्रबन्ध मिलाइदियो भने मलखाद्य पनि अनुदानमा दिन्छौं । किसानका जीवनस्तर जबसम्म उकास्न सकिदैन, तबसम्म समग्ररूपमा गाउँपालिकाले विकासको हुन सक्दैन । किनभने यहाँका करिब ८५ प्रतिशत जनता कृषिमै आधारित छन् । त्यसकारणले, मलखाद्य र बीउबीजनको व्यवस्था र मूलरूपमा सिँचाइको व्यवस्था हामी गर्छौं । त्यसकारण कृषिको समस्या समाधान गऱ्यौं भने यो गाउँपालिकाले विकासमा राम्रो फड्को मार्छ ।

**० कृषि प्रधान देश भनिएपनि दैनिक उपभोग्य वस्तुहरू आयातै गर्नुपर्ने अवस्था छ । तपाइँ आफ्नो कार्यकालभित्र गाउँपालिकालाई कसरी आत्मनिर्भर बनाउनुहुन्छ ?**

– अब कृषकले खेती गर्न चाहिरहेका छैनन् । त्यसको मुख्य कारण कृषकको लागतअनुसारको प्राप्ति नभएर नै हो । जति अन्नबाली उत्पादन हुन्छ, किसानले त्यसभन्दा बढी उसको लगानी नै लागिरहेको हुन्छ । त्यसैले, जबसम्म हामीले कृषिमा अनुदानको व्यवस्था, सिँचाइ र गुणस्तीय बीउबीजन उपलब्ध गराउँदै तबसम्म कृषक मारमा परिहन्छन् । त्यसकारणले नगरपालिकाले कम्तीमा सिँचाइको व्यवस्था, मल र बीउबीजन समयमै उपलब्ध गराइदियो भने कृषकले राम्रो प्रतिफल पाउन सक्छन् । त्यतातिर हाम्रो ध्यान जान्छ भन्ने कुराको प्रतिबद्धता जनाउन चाहन्छु । आवश्यकताअनुसार हामीले यी कुराहरू कृषकलाई पूर्ति गर्ने नै छु ।

**० भनेपछि, गाउँपालिकाले कृषकलाई सिँचाइ, मलखाद्य र बीउबीजन सहुलियत दिन्छ ?**

– हो, दिन्छौं । नदिइकन कृषकले खेती गर्नै सक्दैनन् । पहिला हाम्रा बाउबाजेले यहाँका अन्नबाली भारत बेच्थे । तर ३०/४० वर्ष यतादेखि हामी उल्टै भारतबाट किनेर ल्याउँछौं । किनभने हामीले आफ्नो भूमिबाट राम्ररी लाभ लिन सकिरहेका छैनौं । कृषकले आफ्नो खेतको माटो जाँच गरेर यदि खेती गऱ्यो भने उसले राम्रो उब्जनी गर्न सक्छन् । तर, त्यो हुन सकिरहेको छैन । फलफूलको पनि त्यतिकै सम्भावना छ । समग्रमा भन्ने हो भने कृषिमा उल्लेख्य प्रगति गर्नका लागि हामीले यी यावत् कुराहरूलाई ध्यान दिनुपर्छ ।

**० तपाइँ आफ्नो कार्यकालभित्र पिपरा गाउँपालिकालाई कस्तो बनाउने सोच्नुभएको छ ?**

– म आफ्नो कार्यकालभित्र पहिलो कुरा यहाँ सुशासन कायम गर्छौं । मेरो सुरूदेखिको सपना हो कि हाम्रै गाउँपालिका हुँदै बग्ने नदीलाई उपयोग गरेर यहाँका कृषकहरूका लागि सिँचाइका लागि राम्रो व्यवस्था गर्छौं । किनभने म आफै किसान भएकोले मैले धेरै भोगेको छु । जब हामीले लगाएको बाली सिँचाइको अभावले सुक्न थाल्छ अनि हाम्रो आत्मा दु:ख्छ । यही अवस्था समग्र कृषकहरूको पनि हो । मेरो यो कार्यकाल सक्नुभन्दा अगावै जसरी भएपनि किसानलाई राहत दिने, सिँचाइको सुविधा उपलब्ध गराइने, स्वास्थ्यको क्षेत्रमा उल्लेख्य काम गर्ने हो । मैले चुनावका बेला १६ बुँदे प्रतिबद्धता जारी गरेको छु । मसँग क्षमता छ, दिनको १८/१९ घन्टा काम गर्दै आएको छु । त्यसकारण मैले यदि दुईटा कुरा मात्रै पूरा गर्न सके समग्र गाउँपालिकाले स्थानीय सरकारको अनुभूति गर्नेछन् । अस्पतालको राम्रो सञ्चालन र समग्र किसानका लागि राम्रो सिँचाइको व्यवस्था मेरो मुख्य उद्देश्य हो ।

## विश्व परिवेश

# आतंकवादी संगठनहरूलाई सघाउँदै पाकिस्तान !



मुम्बईमाथि २६/११ मा भएको आक्रमणको एक दशक पछि पाकिस्तान पूर्ववत् सक्रिय भूमिका गर्न थालेको छ। पाकिस्तानका राजनीतिक नेतृत्वले आतंकवाद पुनर्जीबिनका लागि चुनौती भै सकेको कुरो आत्मसात गरी सकेको छ। यहाँसम्म कि दशकभित्र रहेको खतरालाई महसुश गरेर सुरक्षा र समृद्धिका लागि आफ्नो गृहनगर त्याग गरी विदेशतिर लाग्ने तरखरमा रहेका पाकिस्तानीहरूलाई पाकिस्तानी सेना र सरकारले भारतको रणनीति अनुरूप आतंकवाद, आतंकवादी संगठन र त्यसका संचालनकहरूसँग जुझ्दै देशभक्ति प्रदर्शन गर्न उल्लेखनीय अपनत्व र योगदानका लागि प्रेरित गरेको छ।

यदि कसैले विगत एक दशकभन्दा अगाडि देखिको पाकिस्तानको विश्वसघाती अभिलेख र कार्यमाथि विचार गरेमा यो स्पष्ट हुन जानेछ कि पाकिस्तानी शासकमा आतंवाद र अतिवादी शक्तिहरूमाथि नियन्त्रण गर्ने क्षमता र चाहना समेत रहन गएको छैन। उदाहरणका लागि लश्कर-ए-तैयबा र जैश-ए-मोहम्मद प्रशिक्षण शिविरहरूले आतंवादीहरूलाई प्रशिक्षण गर्दै आएको छ, जसमध्येका केही पंजाब प्रान्तका शहरी क्षेत्रहरूमा अधिपत्य जमाएर बसेका छन्। एकातिर लश्कर-ए-तैयबा र जैश-ए-मोहम्मदले स्थानीय स्तरमा स्थानीयलाई प्रशिक्षित गर्दै आएको छ भने अर्कोतिर पाकिस्तानी सरकार त्यस्ता संगठनहरूमाथि नियन्त्रण गर्न नसकेकोमा असमर्थता प्रकट गर्दै आएको छ। पाकिस्तान त्यस्ता संगठनहरूमाथि नियन्त्रण गर्न नसकेकोले त्यस्ता संगठनहरूले वहावपुरमा जैश-ए-मोहम्मदले मदरसा संचालित गर्दै आएको छ। त्यस्तै गतिविधि फाइनान्सियल एक्सन टास्क फोर्समाथि दोहोरिएकोले विशेषज्ञहरूले पाकिस्तानलाई त्यसमाथि कारवाही गर्न दबाब दिएका छन्। उल्लेखनीय छ कि पाकिस्तानमा अर्थविरूद्ध संचालित नियमानुसार कुनैपनि संद्दिग्ध व्यक्तिलाई गिरफ्तार गरिएको छैन। यहाँसम्म कि लश्कर-ए-तैयबाका सरगना हफिज सईद र जैश-ए-मोहम्मदका मसुद अजहरलाई नियमित गिरफ्तारीका बाबजुद पनि अन्तराष्ट्रिय समुदाय र संचारमाध्यमको निगरानी पश्चात् पनि चुपचाप मुक्त गर्ने गरिएको छ। मुजफ्फराबाद र पाक अधिनस्थ कश्मीरमा संचालित प्रशिक्षण शिविरमाथि पाकिस्तान असमर्थ रहेको अवस्थामा विखण्डनवादी कार्यले प्रश्रय पाउँछ। पाकिस्तानी सेनाले २६/११ घटना पश्चात् तत्काले नियन्त्रण गरेको घटनालाई अन्तराष्ट्रिय समुदायले बिर्सेको छैन। तर त्यसको केही दिन पछि नै जुलाईमा नयाँ प्रविधि अनुरूप घातक आक्रमणका लागि प्रशिक्षित गरिएको बारे पश्चिमी सेना र अध्ययनहरूले सार्वजनिक गरेको थियो। त्यसको लगत्तै त्यस्ता संगठनहरूले फलह-ए-इन्सानियत फाउण्डेशन -एफ.आई.एफ) जस्ता दातृ संगठनलाई आफैं सामाजिक आन्दोलनको रूपमा संचालित गरेको थियो। त्यस संगठनले शेहिन्या शरणार्थी समस्यालाई समाधान गर्ने उद्देश्यले सहयोग गर्न झन् आक्रमक कारवाही स्वतन्त्र रूपमा संचालित गरेको छ।

अर्को दृष्टिले हेर्दा २६/११ को घटनाक्रममा पाकिस्तान गम्भीर नदेखिएको हास्यास्पद बन्न पुगेको छ। किनकी आरोपीहरूप्रतिको कारवाहीमा विलम्ब भएको थियो। सबभन्दा उल्लेखनीय यो छ कि लश्कर-ए-तैयबाको संचालन-प्रमुख र मुख्य अपराधी जकी-उर रहमान लखबी झन् २०१५ देखि जनमतमा रहेको छ। २६/११ को आक्रमणको मुख्य संचालक हफिज सईदले मिनि मुस्लिम लीग राजनीतिक पार्टी गठन गरेर आफुलाई आतंकवादी नठानेर पाकिस्तान भर स्वतन्त्र रूपले आफ्नो कार्य गर्न दिएको कुरा छलंग छ। यस्ता सबैले देशको नेतृत्वसँगै संयुक्त राष्ट्रको 'वार अन टेरर' अन्तर्गतको तथाकथित बाज्वा सिद्धान्त अनुरूप आतंकवादसाथ लड्ने आफ्नो पूतिबद्धता अनुरूप खिबर पख्तुनखावा प्रान्तको आतंकवाद विरूद्ध संचालिदत अभियानमा नियमित रूपमा सहभागी हुँदै आएको छ।

जहासम्म विगत दश वर्षमा पाकिस्तानमा निश्चित रूपले जुन परिवर्तन भएको छ त्यसैले गर्दा अन्तराष्ट्रिय प्रणाली अनुरूप पाकिस्तान अहिले चीनको बेल्ट एण्ड रोड इनिसिएटिर्भ कार्ययोजनताको संघटन बन्न पुगेको छ। संयुक्त राष्ट्रले इस्लामावादले 'वार अन टेरर' को क्रममा इस्लामावादले पाउँदै आएको सैनिक सहयोगमा कटौती गरेको छ भने प्रभावकारी कार्य नगरेको असफलताका लागि फाइनान्सिएल एक्शन टास्क फोर्सको हरियो सूचीमा राखिएको छ। अन्तराष्ट्रियस्तरबाट अलगिएको बाबजुद पनि पाकिसतानले सबक नदिएको आफ्नो रणनीतिक उद्देश्यका लागि आतंकवादी र अतिवादी संगठनहरूसँग आफ्नो भूमिका विस्तारित गर्दै लगेको छ। अगस्ट ५ को भारतको कश्मीरमा आन्तरिक प्रशासकीय संरचना अनुरूप भूमिका निर्वाह नगरी रावलपिण्डी र इस्लामावाद क्रियाकलापको संस्मरण मात्र रहेको छ।

# चीन र लद्दाखलाई संघीय भू-भाग बनाउने क्रम

**-मन्जुर अहमद**

भारतले धारा ३७० र ३५ ए लागू गरे प्रति पाकिस्तानले व्यक्त गरेको प्रतिक्रियालाई राम्ररी बुझ्न सक्छ तर चीनले त्यसप्रति चासो देखाउनुलाई आश्चर्यकै रूपमा लिनसक्छ। यस तथ्यप्रतिको प्रतिक्रिया यस प्रकार रहेको छ। भारतका गृहमन्त्री अमित शाहले अगस्ट ६, २०१९ का दिन लोकसभामा धारा ३७० का केही प्रावधानहरू सम्बन्धी प्रस्ताव र जम्मु तथा कश्मीर को पुनगंठन विधेयक, २०१९ प्रस्तुत गर्ने क्रममा भनेका थिए कि पाक अधीनस्थ कश्मीर र अक्साई चीन जम्मु तथा कश्मीरको भाग हो र कश्मीर उपत्यका देशको अभिन्न भू-भाग हो। गृहमन्त्रीले भनेका थिए- "कश्मीर भारतको अभिन्न भू-भाग हो, त्यसमा कुनै शंका छैन। जब म जम्मु र कश्मीरका बारेमा केही भन्छु तब पाक अधीनस्थ कश्मीर र अक्साई चीन त्यसमा समावेश हुन्छ।" भारतीय राजनीतिक नेताले त्यस तथ्यबारे पहिलो पटक भनेको हुनसक्छ।

एक दिन पछि चिनियाँ विदेश मन्त्रालयका प्रवक्ता हुआ चुनियांगले गृहमन्त्रीले विशेष रूपमा उठाएको त्यस लद्दाख प्रसंगप्रति प्रतिक्रिया व्यक्त गर्दै भनेको थिइन्-"चीनले सँधै भारतले चीन-भारत सीमाको पश्चिमी खण्डलाई आफ्नो प्रशासकीय क्षेत्रमा समावेश गर्ने सम्बन्धमा सँधै विरोध गर्दै आएको छ। यो दृढ र निरन्तरताको स्थिति अपरिवर्त्तनीय रहनेछ।" उनले यो पनि माग गरेकी थिईन कि भारतले यस सम्बन्धमा कुनै चलखेल गर्ने कुराले पछि सीमा सम्बन्धी प्रश्नलाई विवादास्पद बनाउन सक्छ।" हुआले पुनगंठनले प्रत्यक्ष रूपमा "चीनको सार्वभौमसत्तालाई एक पक्षीय रूपमा आफ्नो आन्तरिक कानुनमा परिवर्त्तन गरेर त्यसो गरेको हो। यस्तो प्रयास अस्वीकार्य भएकोले कार्यान्वित हुन सक्दैन।" आन्तरिक कानूनमा ल्याएको परिवर्तनले कसरी चीनको भू-भाग सम्बन्धी सार्वभौमसत्तालाई प्रभावित गर्न सक्छ ? यस प्रश्नको उत्तर चीनले मात्र दिन सक्छ।

त्यसै प्रकारले यसको सीमा सम्बन्धी प्रश्नसँग कुनै सरोकार रहेको छैन। भारतले जम्मु तथा कश्मीर क्षेत्रलाई परिवर्तन गर्ने क्रममा केही गरेको छैन। केवल एउटा परिवर्तन मात्र गरिएको छ कि त्यस राज्यको सवैधानिक स्तरको पुनगंठन अनुसार त्यो राज्य केन्द्रबाट शासित एक संघीय भू-भागको रूपमा रहनेछ। सीमाको प्रश्न चीनले मात्र तेर्स्याएको छ तर त्यसले कसरी बढी क्षेत्रलाई प्रभावित गर्न सक्छ -उदाहरणका लागि अरूणाचल प्रदेश, जसलाई तिनीहरूले आफ्नो भू-भाग भन्दै आएको छ। भारतको अवस्था ज्यादै विश्वसनीय रहेको छ र भूगोलको आधारमा मात्र सीमाको प्रश्न निर्धारण गर्न चाहन्छ। यस सम्झौताको विस्तृत र विशिष्ट विवरण बारे छलफल गर्न बाँकी नै रहेको छ। भूमि अतिक्रमणको अर्को उदाहरण सन् १९६३ को चीन -पाकिस्तान सम्झौता हो, जसका आधारमा पाकिस्तानले अवैधानिक रूपमा चीनलाई शक्सग्राम उपत्यका हस्तान्तरण गरेको थियो। जबकि सम्झौताको धारा ६ मा कश्मीर मुद्दाको अन्तिम समाधान पछि हुने भनिए पनि तथ्य यो छ कि चीनले अवैधानिक रूपमा जम्मु र कश्मीर समेतका भू-भाग उपभोग गर्दै आएको छ र लद्दाख लगायतका सीमा सम्बन्धमा भारतले चाल्ने पाईलाप्रति चीनले प्रतिरोध गर्दै आएको छ। यसको सबभन्दा खतरनाक अंश भारत र चीनबीचको लद्दाख को भू-भागमा वास्तविक सीमा रेखा (line of actual control) को समाधान नहुनु अन्य पक्षका लागि अनिर्णति रहँदै आएको छ। यस सम्बन्धमा स्पष्टताको अभाव रहेकोले विवादित क्षेत्रमा समेत चीन अघि बढ्दै आएको छ। चीनको वास्तविक सीमा रेखामाथि सम्पर्क रहेका कारण भारतमाथि चीनले लद्दाख क्षेत्रमा समेत प्रभुत्व बढाउँदै आएको छ। जसको आधार ३१ वटा बाटो लगायत हेलिप्याडसँगै सैनिकलाई पठाउने संरचना आदि रहेको कारण चीन विश्वस्त रूपमा जति अघि बढ्न सक्छ त्यति अघिसम्म बढ्दै आएको छ शान्तिको चाहना राखेर। यस सम्बन्धमा खास गरीकन भारतले गर्दा यो पनि उल्लेखनीय रहेको छ कि दक्षिण एशियाका दुई देश नेपाल तथा भुटान भारतीय प्रभुत्वबाट अलग रहन चाहने मुद्दा समेतले गर्दा चीन आस्वश्त रहेको छ। चिनियाँ सत्ताले वित्तीय शक्ति र राजनीतिक प्रभुत्वलाई यस क्षेत्रमाथि विस्तारित गरेको छ, जो नेपालको सन्दर्भमा निश्चित रूपमा सही रहेको देखिएको छ।

चीनको अर्थ व्यवस्था भारतभन्दा पाँच गुणा बढी रहेको छ भने सैनिक खर्च समेत ज्यादै विशिष्ट शक्तियुक्त रहेको कुरा जो सुकैले पनि हेर्न सक्छ। यस तथ्य र वास्तविकताको आधारबाट हेर्दा भारत-चीन बीचको समीकरण प्रतिस्पर्धी भन्दा विवादास्पद रहेको प्राय: सबैले हेर्न सक्छ। यस दृष्टिबाट हेर्दा भारतले जम्मु र कश्मीरको भू-भागको पुनव्यवस्थापन गरेर दुई संघीय भू-भागका व्यवस्थित गर्ने कुराले चीनलाई सीमाको प्रश्न तेर्स्याई दिएको छ जो उसको सदाबहार मित्र पाकिस्तानलाई सघाउनेछ। यसमा अलि शंका पनि छ कि केवल चीनले यसलाई बन्द ढोका भएर संयुक्त राष्ट्र सुरक्षा परिषद्को सदस्यहरू सामु प्रस्तुत गर्न सक्नेछ कि ? किनभने चीन यसको प्रमुख ५ सदस्य मध्यको एक भएकोले उसले त्यो गर्न सक्छ तर आतंकवादीहरूलाई सघाउने उसको मित्र पाकिस्तानका लागि सघाउन यस्तो गर्नु पछि गएर विवादास्पद हुनेछ भनेर त कम-से-कम भन्न सकिन्छ। जबसम्म यो वास्तविक रूपमा हुँदैन, तबसम्म भारत-चीन सम्बन्धका बारेमा प्रतिक्षा गर्नुका साथै निगरानी समेत गर्नुपर्नेछ।

२०७६ मंसिर १४ गते शनिबार हुने उपनिर्वाचनमा सही तरिकाले मतदान गर्न सिकौं र सिकाऔं । आफ्नो अमूल्य मत बद्दर हुनबाट जोगाऔं ।

नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
सूचना तथा प्रसारण विभाग

## चीनको नक्कली उत्पादनको मारमा नेपाली हस्तकला

काठमाडौं। नेपाली कलाकारहरूले मात्रै उत्पादन गर्ने मौलिक हस्तकलाको चिनियाँहरूले नक्कल गर्न थालेपछि व्यवसायीहरू चिन्तित बनेका छन्। हस्तकला व्यवसाय मात्रै नभएर नेपाली मौलिक धर्म र संस्कृति पनि भएको भन्दै उनीहरूले बाह्य उत्पादनको हस्तक्षेप रोक्न सरकारसँग माग गरेका छन्।

नेपालबाट उत्कृष्ट हस्तकला भन्दै विदेशीले किनेर लगेको मुर्तिहरू डुप्लीकेसन गरेर सस्तो मूल्यमा बेच्न थालिएको व्यवसायी बताउँछन्। यस्ता नक्कली उत्पादन नेपालमै समेत छ्याप्छ्याप्ती पाइन थालेका छन्। नेपाल गुणस्तरीय हस्तकला निर्माणमा अब्बल रहे पनि ठूलो परिमाणको उत्पादन गर्न सक्दैन। यही कमजोरीमा टेकेर विदेशीहरूले अनाधिकृत व्यापार गरिरहेका छन्। चीनका कतिपय बजारमा नेपाली भन्दै हस्तकलाको नक्कली उत्पादनको बिक्री वितरण भईरहेको व्यापारीहरूले बताउँछन्।

चीनमा निर्मित मूर्तिहरू अहिले नेपाली बजारमा छ्यापछ्याप्ती हुन थालेको व्यवसायीहरू बताउँछन्। सामान्य ग्राहकका लागि कुन वस्तु कहाँ बनेको भन्ने छुट्याउनै कठिन हुन्छ।

## जिल्ला समाचार

### जिल्ला प्रहरी कार्यालय मोरङ सम्मानित

मोरङ। ३१औं अन्तर्राष्ट्रिय एड्स बिरूद्धको दिवसको अवसरमा आइतबार आयोजित कार्यक्रममा जिल्ला प्रहरी कार्यालय मोरङ सम्मानित भएको छ। एचआइभी एड्स संक्रमण, न्यूनीकरण तथा रोकथामका लागि विगत १ वर्षभन्दा बढी समयदेखि लागूऔषध बिरूद्धको अभियान संचालन गर्दै महत्वपूर्ण योगदान पुर्यानउँदै आएको उक्त कार्यालयलाई अभियानको उच्च मुल्याङ्कन गर्दै सम्मानपत्र प्रदान गरिएको हो। कार्यक्रममा प्रदेश नं. १ का सामाजिक बिकासमन्त्री जीवन घिमिरेले जिल्ला प्रहरी कार्यालय मोरङका प्रमुख प्रहरी उपरीक्षक विश्व अधिकारीलाई सम्मानपत्र प्रदान गरेका छन्। साथै एविसी नेपाल, एचआइभी कार्यरत संघसंस्थाहरूको संजाललाई समेत एड्स बिरूद्धको कार्यक्रममा उच्च योगदानका लागि सम्मानपत्र प्रदान गरिएको थियो। कार्यक्रममा सामाजिक बिकासमन्त्री घिमिरे लगायतका अतिथिहरूले एड्स बिरूद्धको अभियानको सफलताको शुभकामना दिदै सरकारी तथा सरोकारवाला निकायहरू मिलेर जनचेतनामूलक कार्यक्रम मार्फत यसलाई रोकथाम तथा न्यूनीकरण गर्दै लैजानुपर्ने विचार व्यक्त गरेका थिए।

### लुम्बिनी भ्रमणको निम्तो

भैरहवा। लम्बिनी पर्यटन प्रबर्द्धन औद्योगिक व्यापार तथा कृषि महोत्सव-२०७६ मा अवलोकन गर्ने दर्शकहरूलाई लुम्बिनी भ्रमणको निम्ता दिइएको छ। नेपाल भ्रमण बर्ष २०२० का सदस्य तथा लुम्बिनी प्रेस क्लबका सल्लाहकार चेतन पन्तको संयोजन तथा लुम्बिनी प्रेस क्लब र मेला आयोजक संस्था उद्योग व्यापार संगठनको आयोजनामा महोत्सव प्रवेशद्वार बाट महोत्सव प्रवेश गर्ने दर्शकलाई भ्रमणको निम्ता दिइएको हो। प्रदेश सरकारले घोषणा गरेको लुम्बिनी भ्रमण बर्ष २०७६ लाई थोरै भएपनि सघाउने उद्देश्यले महोत्सव प्रवेश गर्ने दर्शकलाई लुम्बिनीको परिचय झल्कने ब्रोसर सहित निम्ता दिइएको कार्यक्रम संयोजक चेतन पन्तले बताए। आफुले अमेरिका भ्रमणको क्रममा त्यहाँका विभिन्न स्थानमा लुम्बिनीको प्रचार प्रसार गर्दै लुम्बिनी भ्रमणको निम्ता दिए पश्चात आन्तरिक पर्यटकलाई पनि लुम्बिनी भ्रमणको निम्ता दिने उद्देश्यले महोत्सवमा करिब ५ सय निम्तो बाँडीएको पन्तले बताए।

### सीमा सुरक्षा पोस्ट थपिने

बर्दिया। नेपाल-भारत खुला सिमानामा सीमा सुरक्षा बलका पोस्ट बढाउने तयारी थालिएको छ। दुई देशबीचको खुला सीमामा नेपालतर्फ बोर्डर अब्जरभेसन पोस्ट (सीमा सुरक्षा चौकी) न्यून संख्यामा भएपछि सशस्त्र प्रहरी बलको नम्बर ३९ गण हेडक्वार्टर बर्दियाले तीन वटा बीओपी थप्ने प्रस्ताव गरेको हो। खुला सीमा र सीमा स्तम्भको सुरक्षा तथा निगरानी गर्न ३ ठाउँमा बीओपी थप्न प्रस्ताव पेस गरेको सशस्त्र प्रहरी बल नेपाल नम्बर ३९ हेडक्वार्टर बर्दियाका एसपी यादव विश्वकर्माले बताए। 'हस्नापुर कट्टी, कोठियाघाट र शितलाबजारमा पोस्ट थप्ने तयारी गर्दैछौं', उनले भने। ८२ किलोमिटर नेपाल-भारत खुला सीमा अनुगमन गर्न एउटा बीओपीले कम्तीमा २० किलोमिटर हेर्नुपर्छ।

### शौचालय निर्माण सामग्री वितरण

वीरगन्ज। वीरगन्ज महानगरपालिकाका नगर प्रमुख विजय कुमार सरावगीले शौचालय निर्माण सामग्री बितरण गरेका छन्। महानगरलाई पुर्णरूपमा स्वच्छ बनाउने अभियान अन्तर्गत आर्थिक अवस्था कमजोर भएका दलित परिवारहरूलाई नगर प्रमुख सरावगीले शौचालय निर्माण सामग्री बितरण गरेका छन्। बिरगंज महानगरपालिका वार्ड नम्बर २७ अन्तर्गत उदयपुर घुर्मीलाई पुर्णरूपमा दिशामुक्त बनाउने अभियान अन्तर्गत आइतबार उक्त शौचालय सामग्री बितरण गरिएको हो। आर्थिक बिपन्नताका कारण शौचालय बनाउन नसकेका लगभग करिब १०० दलित परिवारलाई नगर प्रमुख सरावगीले नगर स्तरीय बजेटबाट सौचालयका सिट र रिङ्ग वितरण गरेका छन्।

### बृहत सरसफाई कार्यक्रम सम्पन्न

धनुषा। जनकपुर उपमहानगरपालिका-१० स्थित सांस्कृतिक धार्मिक धरोहर जानकी मन्दिरमा समुदाय-प्रहरी साझेदारी कार्यक्रम अन्तर्गत बृहत सरसफाइ कार्यक्रम मंगलबार सम्पन्न भएको छ। २ नम्बर प्रदेश जनकपुरको प्रदेश प्रहरी श्रीमती संघ र जिल्ला प्रहरी कार्यालय धनुषाको संयुक्त आयोजनामा उक्त सरसफाई कार्यक्रम सम्पन्न भएको हो। उक्त कार्यक्रममा जनकपुर उपमहानगरपालिकाका प्रमुख लालकिशोर साह, २ नम्बर प्रदेश प्रहरी कार्यालय जनकपुरका प्रमुख प्रहरी नायव महानिरीक्षक प्रधुम्न कार्की, संघीय प्रहरी ईकाई कार्यालय जनकपुरका प्रमुख, दंगा नियन्त्रण प्रहरी गण ढल्लेवरका प्रमुख, २ नम्बर प्रदेश प्रहरी गणका प्रमुख, जिल्ला प्रहरी कार्यालय धनुषाका प्रमुख, विभिन्न संघसंस्थाका प्रमुख तथा प्रतिनिधिहरू, नागरिक समाजका प्रतिनिधिहरू, स्थानीय संचारकर्मी लगायत प्रहरी कर्मचारीहरूको सहभागिता रहेको थियो।

### ट्याक्टरको ठक्करबाट बालिकाको मृत्यु

मोरङ। उर्लाबारी नगरपालिका-५ झुम्राहास्थित भित्री सडकमा ना.८ ख ७०५३ नम्बरको टिपरको ठक्करबाट पैदलयात्री सोही ठाउँ बस्ने जोगिन्दर मण्डलको छोरी ४ वर्षीया राधिका कुमारी मण्डलको मंगलबार बिहान घटनास्थलमै मृत्यु भएको छ। टिपर चालकलाई प्रहरीले नियन्त्रणमा लिएको छ। दुर्घटनास्थलमा तत्काले स्थानीय प्रहरी खटिई गई उद्दार कार्य गर्नुका साथै यस सम्बन्धमा आवश्यक अनुसन्धान गरिरहेको छ।

### प्राथमिक उपचार कक्षको उद्‌घाटन

पर्सा। समुदाय-प्रहरी साझेदारी कार्यक्रम अन्तर्गत जिल्ला प्रहरी कार्यालय पर्साको परिसरभित्र प्रभु हस्पिटल र माट्रिका आई फाउण्डेशनको सहयोगमा संचालित प्राथमिक उपचार कक्षको सोमबार बिहान उद्‌घाटन भएको छ। उद्धाडटन कार्यक्रमका प्रमुख अतिथि वीरगंज महानगरपलिकाका प्रमुखर बिजय सरावगी, जिल्ला प्रहरी कार्यालय पर्साका प्रहरी उपरीक्षक सोमेन्द्र सिंह राठौर र प्रभु हस्पिटलका संचालक डा.मनोज गुप्ताले संयुक्त रूपमा उद्धाहटन गरे। उक्त कार्यक्रममा माट्रिका आई फाउण्डेशनका मेडिकल संयोजक महेश सिहं धामी, प्रदेश नम्बर २ का उपाध्यक्ष केसी लामिछाने, पत्रकार, सामुदायिक सेवा केन्द्रका पदाधिकारीहरू समेतको उपस्थिति रहेको थियो।

### शिवराज नगरपालिका-१० मा राजपा विजयी

कपिलवस्तु। शिवराज नगरपालिका-१० लालपुरमा भएको उपनिर्वाचनमा राजपाकी उम्मेदवार मन्जु मिश्र विजयी भएकी छन्। निर्वाचन कार्यालयका अनुसार खसेको १ हजार ७ सय २२ मतमध्ये ८ सय ६८ मत ल्याएर मिश्र विजयी भएकी हुन्। उनका निकटतम प्रतिद्वन्दी नेपाली कांग्रेसका देब भारतीले ४ सय ६५ मत ल्याएका छन्। त्यस्तै, नेपाल कम्युनिष्ट पार्टी (नेकपा)बाट अदालत मनिहारले १ सय ४७, समाजवादी पार्टी नेपालबाट तीर्थबहादुर रायमाझी १ सय ७५, जनमत पार्टीबाट मोहम्मद हानिफ गद्दी २८, राप्रपाबाट बलभद्र मिश्र ११, मत प्राप्त गरेका छन्।

### सखुवा प्रसौनी-५ मा समाजवादी विजयी

वीरगन्ज। पर्सा जिल्लास्थित सखुवा प्रसौनी गाउँपालिका वडा नम्बर ५ को अध्यक्षमा समाजवादी पार्टीका उम्मेदवार रूपलाल यादव विजयी भएका छन्। यादवले १०३१ मत प्राप्त गरी विजयी भएका हुन्। उनका निकटतम प्रतिद्वन्द्वी नेपाली काङ्गेसका अशेश्वर यादव ८१९ मत प्राप्त गरेको निर्वाचन कार्यालय पर्साले जनाएको छ। यस्तै, नेकपाका उम्मेदवार दयाशंकर रौनियारले २३२ मत ल्याएका छन् भने स्वतन्त्र उम्मेदवार दिनेश साहले १६ मत प्राप्त गरेको छ।

### पुजाले जितिन् हिराको हार

नेपालगन्ज। सनफ्लो तेल किन्दा त्रिभुवन चोककी पुजा कुमारी वैश्यले लाखौंको हिराको हार उपहारमा प्राप्त गरेकी छन्। केएल दुगड ग्रुप अन्तर्गतको स्वस्तिक आयल इन्डस्ट्रिज प्रालिले आफ्नो उत्पादन सनफ्लो तेलमा आकर्षक हिराको हार र हिराको सेट जित्ने उत्साहजनक अफर ल्याएको छ। सोही योजना अन्तर्गत वैश्यले हार जितेकी हुन्। एक टेलिभिजन च्यानलबाट गरिएको प्रत्यक्ष प्रसारण भएको लक्की ड्रबाट वैश्यले हार प्राप्त गरेकी हुन्। दुगड ग्रुपका महाप्रबन्धक प्रदिप छाजेडले बुधबार औपचारिक कार्यक्रम बीच वैश्यले प्राप्त गरेको हार हस्तान्तरण गरेका छन्। दुगडले तीन महिनाका लागि उक्त अफर सञ्चालन गरेको थियो। यो अफरको नारा 'सनफ्लोमा पकाऔं मिठो परिकार, साथमा पाऔं हिराको हार उपहार' छ।

# नेपाली अधिकारीहरूको भारतमा प्रशिक्षण




काठमाडौं । नेपाल सरकारका २१ अधिकारीहरूको तेस्रो समूहले भारतको फरिदाबादस्थित नेशनल एकेडेमी अफ कस्टम्स, इनडाइरेक्ट ट्याक्सेज बलम नार्कोटिस (नासिन) मा "सम्पत्ति शुद्धिकरण तथा आतङ्कवादी क्रियाकलापमा वित्तीय लगानी निवारण" बारे ६ दिने प्रशिक्षण सुरू गरेका छन् । नेपाल सरकारको अनुरोधमा कूल ६० अधिकारीहरूका लागि तयार पारिएको यो एक विशेष कोर्ष हो ।

नेपाल सरकारका विभिन्न निकायहरूको क्षमतालाई अभिवृद्धि गर्ने भारत सरकारको प्रतिबद्धताको उदाहरणको रूपमा यस कार्यक्रमलाई लिइएको छ । भारत सरकारको पूर्ण सहयोग रहेको सो कोर्ष भारतीय विदेश मन्त्रालयको प्राविधिक तथा आर्थिक सहयोग कार्यक्रमअन्तर्गत रहेको छ । यस प्रशिक्षणले कार्यकममा सहभागी अधिकारीहरूको सम्पत्ति शुद्धिकरण तथा आतङ्कवादी क्रियाकलापमा वित्तीय लगानी निवारण सम्बन्धी मामिलाहरूलाई प्रभावकारी ढङ्गबाट सामना गर्न सक्ने क्षमतालाई अभिवृद्धि गर्नेछ ।

यस अघि नेपाली अधिकारीहरूका दुई ब्याचले भारतमा प्रशिक्षण सफलतापूर्वक सम्पन्न गरिसकेका छन् ।

वित्तीय अनुसन्धान एवम् सम्पत्ति शुद्धिकरण क्षेत्रमा नासिन भारत सरकारको अत्याधुनिक शिक्षण सुविधा सहितको प्रमुख प्रशिक्षण संस्थान हो ।

यो एशिया/प्रशान्त क्षेत्रका लागि विश्व भन्सार संस्थाको एक मान्यता प्राप्त क्षेत्रीय प्रशिक्षण केन्द्र हो र अन्यअन्तर्राष्ट्रिय संस्थाहरू जस्तै युएनडिपी, युएनओडीसी, सासेक आदिसँग मिलेर काम गर्दछ ।

# केन्द्रीय विद्यालयले मनायो वार्षिकोत्सव



काठमाडौं । काठमाडौंमा रहेको भारतको केन्द्रीय विद्यालयले आफ्नो ४६ औं वार्षिकोत्सव दिवस मनाएको छ । नेपालका लागि भारतका राजदूत मञ्जिवसिंह पुरीले बिहीबार आयोजित वार्षिकोत्सव दिवसको उद्घाटन गरेका छन् । त्यस अवसरमा विद्यलायका विद्यार्थीहरूले विभिन्न कार्यक्रम प्रस्तुत गरेका थिए । समारोहमा बोल्दै राजदूत पुरीले विद्यालयको प्रगतिबाट आफू धेरै प्रभावित भएको बताए । त्यस अवसरमा उनले नेपाल-भारत सम्बन्धको पनि चर्चा गरे ।

# सीमा विवादमा भारतसँग वार्ताको तयारी

काठमाडौं । परराष्ट्र मन्त्री प्रदीप ज्ञवालीले सीमा विवाद समाधानका लागि भारतसँग वार्ताको तयारी भइरहेको बताएका छन् । परराष्ट्र मन्त्री ज्ञवालीले सीमा बचाउ अभियानकातर्फबाट लिम्पियाधुरासहितको नक्सा हस्तारन्तण गर्न गएको टोलीलाई सीमा विवाद समाधानको गृहकार्य भइरहेको जानकारी गराए । मन्त्री ज्ञवालीले प्रधानमन्त्रीस्तरमा, परराष्ट्रमन्त्रीस्तरमा, सचिवस्तरमा गरी तीनै तहमा वार्ता गरिने बताए । सीमा बचाउन अभियानका तर्फबाट राष्ट्रिय मानव अधिकार आयोगका पूर्व सदस्य गौरिशंकर लाल दासमार्फत लिम्पियाधुरासहितको नक्सा हस्तान्तरण गरेका थिए । अभियानका सदस्य श्याम श्रेष्ठले तथ्य र प्रमाणको आधारमा लिम्पियाधुरासहित भूमि नेपालकै भएको कारण सरकार तत्काल कुटनीति पहल गर्न सुझाव दिएको जानकारी दिए ।

**मधेशमा...**

आगामी राजनीतिक दिशाबारे केही स्पष्ट सन्देश दिएको देखिन्छ । पहिलो, जसले जे भने पनि आगामी दिनमा समेत मतदाताको रोजाइमा कि कम्युनिस्ट कि कांग्रेस नै हुने रहेछन् । यो दौडमा बलियो बैकल्पिक शक्तिको रूपमा आफनो दाबेदारी प्रस्तुत गर्ने समाजवादी र राजपा पछि नै छन् । एउटासँग विश्वास खण्डित भयो भने जनताले आफ्नो विश्वास अर्कोमा खन्याउने सक्ने छन् । यही प्रवृत्ति रह्यो भने मुलुक दुई दलीय व्यवस्था वा दुई दलीय गठबन्धनको व्यवस्थातर्फ अभिमुख हुन सक्छ । दोस्रो कुरा, संघीय समाजवादी र नयाँ शक्तिसँग एकीकरण गरेर प्राविधिक रूपमा मात्र होइन, साँच्चै राष्ट्रिय दल बन्ने जतिसुकै प्रयत्न गरे पनि अशोक राई वा बाबुराम भट्टराई होइन, मतदाताले पत्याउने त उपेन्द्र यादवलाई नै रहेछन् र त्यस पार्टीको ट्याग फोरम र मधेशी दल नै रहने भयो भन्ने कुरा समाजवादी पार्टीले मधेशमा मात्र जितेकोबाट पुष्टि पनि भएको छ ।

तेस्रो कुरा, समाजवादी पार्टी र राजपा एकीकरण नहुन्जेल यिनले प्रमुख दुई दलबाट सत्ताको चाबी खोस्ने र गठबन्धन सरकार निर्माण गर्ने हैसियत बनाउन सक्ने रहेनछन् भन्ने पनि यिनको भोट आपसमा बाँडिएर पराजित हुनुपरेकोबाट साबित भएको छ ।

उपनिर्वाचनमा मधेशका जनताले जुन उत्साहसाथ परिणाम दिएका छन्, त्यसलाई यी दुवै दलले गम्भीरतापूर्वक लिन आवश्यक छ । उपनिर्वाचन परिणामपछि उनीहरूले आफूलाई सुधार गर्न सके भने साढे दुई वर्षपछि हुने निर्वाचनका लागि सुधारमा समेत मद्दत पुग्नेछ ।

**समाजवादी...**

तेस्रो कारण गौर हत्याकाण्ड भनेर चिनिने रौतहटमा २७ जनाको ज्यान जानेगरी भएको घटना हो । यादवलाई सरकारबाट हटने बित्तिकै यसबारे अनुसन्धानको फाइल खोल्न सकिने त्रास रहेको छ । किनभने २०६७ साल चैत ७ गते भएको गौर हत्याकाण्डमा यादवको नाम पनि जोडेर हेर्ने गरिएको छ ।

र चौथो कारण हो- नेकपा र राजपाबीच संघदेखि प्रदेश २ सरकारसम्म हुन सक्ने गठबन्धन् । सरकार छोडिहाल्दा राजपा संघीय सरकारमा सहभागी हुन सक्छ भने प्रदेश २ को सरकारको भविष्यमा पनि प्रश्न उठ्न सक्छ । त्यसैले अहिले हतारमा निर्णय गरिहाल्नुभन्दा केही समय पर्खनु उपयुक्त हुन्छ भन्ने यादवको निष्कर्ष छ ।

एकताका लागि समाजवादीले सरकार छाड्नुपर्ने सर्त राजपाको छ । तर समाजवादी बाहिरिएपछि आफू सरकारमा सहभागी हुने रणनीति हुन सक्ने विश्लेषण यादव पक्षधर नेताहरूको छ । राजपाभित्रै पनि एकताका लागि सबै नेताहरू सहमत नभएको अवस्थामा सरकारमा सहभागी हुने अफर आयो भने उनीहरू लोभिन सक्ने यादव पक्षधरको आशंका छ । मन्त्री पद पाएपछि लोभिने खालको पृष्ठभूमि बोकेका नेताहरू राजपाको निर्णायक भूमिकामा छन् ।

**अन्योलता**

कथमकदाचित समाजवादीको एजेन्डाअनुरूप संविधान संशोधन हुन सकेन भने उसले ठूलो राजनीतिक क्षति व्यहोर्नु पर्ने छ । यथास्थितिमा सरकारबाट बाहिरिने काम गऱ्यो भने यो पार्टी संविधान संशोधनप्रति गम्भीर नरहेको तथा जिम्मेवारीबाट भागेको आरोप लाग्न सक्छ । पार्टी सम्भवतः आफ्नो स्थापनाको १२ वर्षे इतिहासमा पहिलोपटक यति बढी अन्योलको सिकार भएको छ ।

उपेन्द्र यादव कानुनका पनि राम्रो ज्ञाता हुन । उनी अहिले कानुन मन्त्रालय हात पारेकोमा प्रफुल्ल पनि छन् । यो उत्साह साँच्चीकै खुसी प्रदायक हो कि बाध्यताको वाणी हो त्यो त समयले नै बताउने छ तर चर्चामा आएअनुसार कतिपय यस्ता कारणहरू छन् जसले गर्दा मङ्सिर-पुसको जाडोमा सडकमा उफ्रिनुभन्दा सरकारमै बस्नु उचित हुने आाकलन उपेन्द्र यादवको छ ।

उपेन्द्र यादवलाई राम्ररी थाहा कि संविधान संशोधन अब त्यति सहज र सरल छैन किनभने संविधान संशोधनसँग सम्बन्धित कतिपय विषयहरूलाई तिनीहरूले स्वयं नै अप्रसांगिक बनाइदिएका छन् । त्यसै कम्तीमा आगामी निर्वाचनसम्म जेन तेन प्रकारेण सरकारमा रहिरह्यो भने त्यसबाट केही उपलब्धी हात पार्न सकिन्छ भन्ने भित्री मनसाय पनि हुन सक्छ ।


## हार्दिक बधाई तथा शुभकामना



**श्री हृदयेश त्रिपाठी**

संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रीमा नियुक्त हुनु भएका श्रद्धेय मा. **हृदयेश त्रिपाठी**ज्यूको सफल कार्यकाल तथा उत्तरोत्तर प्रगतिका लागि हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।

**मधेशवाणी परिवार**

## हार्दिक बधाई तथा शुभकामना



**श्री रामेश्वर राय यादव**

श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रीमा नियुक्त हुनु भएका श्रद्धेय मा. **रामेश्वर राय यादव**ज्यूको सफल कार्यकाल तथा उत्तरोत्तर प्रगतिका लागि हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।

**मधेशवाणी परिवार**


## आर्थिक समाचार

### रावा बैंक र टेलिकमबीच सम्झौता

काठमाडौं । राष्ट्रिय वाणिज्य बैंक लिमिटेड र नेपाल दुरसंचार कम्पनी लिमिटेड (टेलिकम) बीच सम्झौता भएको छ । बैंकमा नयाँ खाता खोल्ने ग्राकहरूलाई निःशुल्क रूपमा जीएसएम सिमकार्ड उपलब्ध गराउने सम्बन्धमा दुवै निकायका प्रमुखहरूले सम्झौता गरेका हुन् । सम्झौतापत्रमा बैंकका प्रमुख कार्यकारी अधिकृत किरणकुमार श्रेष्ठ र दूरसच्चार कम्पनीका प्रबन्ध निर्देशक डिल्लीराम अधिकारीले हस्ताक्षर गरेका छन् । सम्झौतापश्चात् हालसम्म सिमकार्ड नलिएका राष्ट्रिय वाणिज्य बैंकमा नयाँ खाता खोल्ने ग्राहकहरूलाई नेपाल टेलिकमबाट उपलब्ध हुने जीएसएम सिमकार्ड निःशुल्क रूपमा उपलब्ध गराउने कार्यक्रम रहेको छ ।

### जनता बैंकद्वारा आर्थिक सहयोग

काठमाडौं । जनता बैंकले विभिन्न संस्थालाई आर्थिक सहयोग गरेको छ । बैंकले संस्थागत सामाजिक उत्तरदायित्व अन्तर्गत लुम्बिनी नेत्र विज्ञान अध्ययन संस्थान भैरहवालाई र अछामको वैद्यनाथ क्षेत्र विकास संस्थालाई आर्थिक सहयोग गरेको हो । बैंकले नेत्र विज्ञान अध्ययन संस्थालाई आँखा उपचारसम्बन्धी क्रोनियलटोपोग्राफी मेसिन खरिद प्रयोजनार्थ ४ लाख ५० हजार रूपैयाँ सहयोग गरेको हो । बैंकका प्रमुख कार्यकारी अधिकृत परशुराम कुँवर षेत्रीले संस्थानका अध्यक्ष सागरप्रताप राणालाई सहयोग रकम हस्तान्तरण गरेका हुन् ।

### रेस ट्र्याक एक्सपिरियन्स सम्पन्न

काठमाडौं । नेपालका लागि टीभीएस मोटर कम्पनीको एक मात्र आधिकारिक वितरक जगदम्बा मोटर्सले भारतको चेन्नईमा रहेको मुद्रास मोटर रेस ट्र्याकमा टीभीएस अपाचे रेस ट्र्याक एक्सपिरियन्स सम्पन्न भएका छ । रेस ट्र्याक एक्सपिरियन्सका लागि छनोट गरिएका २५ जना प्रतियोगीले उक्त रेस ट्र्याकमा टीभीएस मोटरसाइकल कुदाएर अविस्मरणीय अनुभव संगालेका छन् । अपाचे रेस ट्र्याक एक्सपिरिएन्सका लागि २५ जना प्रतियोगीलगायत टीभीएसको व्यवस्थापन टोली नेपालबाट मंसिर १४ गते मद्रासका लागि प्रस्थान गरेका थिए । मंसिर १५ र १६ गते गरी लगातार दुई दिनसम्म चलेको यस कार्यक्रम मंसिर १७ गते सम्पन्न भएको थियो । गत वर्ष पनि टीभीएस मोटर्सले राइडरलाई केन्द्रित गरी यस्तै किसिमको कार्यक्रम आयोजना गर्न सफल थियो । यस वर्ष पनि आयोजित कार्यक्रमको सफलतापछि आभार प्रकट गर्दै जगदम्बा मोटर्स प्रालिका उपाध्यक्ष दीपक अग्रवालले 'नेपालका बाइक राइडरले पनि अन्तर्राष्ट्रिय प्लेट फर्ममा आफ्नो क्षमता, दक्षता एवं अनुशासन प्रदशृन गर्न पाउँदाको यो क्षण उनका लागि मात्रै अविस्मरणीय नभई जगदम्बा मोटर्स परिवारका लागि पनि गरिमामय बन्न पुगेको बताए ।

### ओयोको डाइरेक्टरमा घोष

काठमाडौं । ओयो होटेल्स एन्ड होम्स, होटेल्स तथा भ्याकेसन घरको विश्वव्यापक एक अग्रणी श्रृंखलाले भारत तथा दक्षिण एसियाको होटेल्स र आवास व्यवसायका हालका सीईओ आदित्य घोषलाई कम्पनीको बोर्ड अफ डाइरेक्टरमा बढुवा गरेको घोषणा गरेको छ । आदित्यले ओयो होटेल्स एन्ड होम्सका संस्थापक तथा ग्रुप सीईओ रितेश अग्रवाल, बाजा कर्पोरेसनका संस्थायक तथा सीईओ बेट्सी एटकिन्स र अन्य उद्योग विशेषज्ञ जस्तै मुनिष वर्मा, प्रबन्ध पार्टनर, सफ्टबैंक भिजन फन्ड, बेजुल सौम्या, पार्टनर, लाइटस्पिड इन्डिया पार्टनर एड्भाइजर, मोहित भटनागर, प्रबन्ध निर्देशक, सिकोया क्यापिटल इन्डिया एड्भाइजर र अन्यको बीचमा शक्तिशाली, विविध र वास्तवमै विश्वव्यापी संयोजन बनाउने बताइएको छ । ओयोले निरन्तर संस्थागत सुशासनलाई सुदृढ पार्न लगानी गरिरहेको छ । याहु र इबेमा यस अघि लगानी गरिसकेका बेट्सी एटकिन्सलाई हालै स्वतन्त्र निर्देशक र सफलतापूर्वक सार्वजनीक कम्पनी सञ्चालनमा अनुभवि आदित्यलाई बोर्डमा आएपछि उनको अनुभव र कार्यक्षमताले कम्पनी लाभान्वित हुने उल्लेख गरिएको छ ।

### भारततर्फ नेपालको निर्यात बढ्यो

काठमाडौं। भारततर्फ नेपालको निर्यात बढेको छ । चालू आर्थिक वर्षको तीन महिनामा भारततर्फ ३५ दशमलव आठ प्रतिशतले निर्यात बढेको हो। नेपाल राष्ट्र बैंकले भारतसँगको व्यापार घाटामा कमी आई पछिल्ला तीन महिनामा निर्यात बढेको जनाएको छ। चीन र अन्य मुलुकसँग भने निर्यात घटेको छ। गत आर्थिक वर्षमा भारतसँग नेपालको व्यापार घाटा सात खर्ब ६४ अर्ब ३० करोड रूपैयाँ थियो।

### बैंक र रिसोर्टबीच सम्झौता

काठमाडौं । ग्लोबल आइएमई बैंक लि. र रूपाकोट रिसोर्ट प्रा.लि.बीच रिसोर्टले बैंकका ग्राहक तथा कर्मचारीहरूलाई प्रदान गर्ने विभिन्न सेवा तथा सुविधाहरूमा दिने छुटसम्बन्धी सम्झौतापत्रमा हस्ताक्षर भएको छ । सम्झौतापत्रमा ग्लोबल आइएमई बैंकको बजार तथा व्यवसाय प्रबर्द्धन विभाग प्रमुख शान्ता शिवाकोटी र रूपाकोट रिसोर्ट प्रा.लि.कासेल्स म्यानेजर पियुस लामाले हस्ताक्षर गरेका छन् । सम्झौता पश्चात रूपाकोट रिसोर्ट, पोखरामा ग्लोबल आइएमई बैंकबाट डेबिट, क्रेडिट तथा प्रिभिलेज कार्ड लिएका ग्राहक तथा कर्मचारीले रिसोर्टले उपलब्ध गराउने विभिन्न सेवामा १५ प्रतिशतसम्म छुट पाउने छन् ।

# इसिटिएस शुल्क घटाउने तयारी

काठमाडौं । नेपाली कार्गोमा 'इलेक्ट्रोनिक कार्गो ट्र्याकिङ सिस्टम' (इसिटिएस) अर्थात विद्युतीय निगरानी प्रणाली कार्यान्ययनमा अनियमितताको आरोप व्यापारीले लगाएका बेला उक्त शुल्क घटाउन औपचारिक पहल सुरू भएको छ । कोलकाता बन्दरगाहमा गत १७ देखि 'कस्टम ट्रान्जिट डिक्लेरेसन' (सिटिडी)को सट्टा 'डाइरेक्ट ट्रान्ससिपमेन्ट' लागू गरिएको थियो । यो प्रक्रियालाई सहज बनाउन कोलकाता बन्दरगाह भन्सारले 'कन्टेनर कार्गो'मा'इसिटिएस'अनिवार्य गरिएको थियो । भारत, पश्चिमबंगालको उच्च अदालतको गत जेठ २९ को अन्तरिम आदेशले भने 'इसिटिएस' प्रक्रियालाई अहिले ऐच्छिक बनाइएको छ । यसअघि नेपाली आयातकर्ताको प्रतिनिधि भएर काम गर्दै आएका कोलकातास्थित क्लियरिङ एजेन्टले यसलाई हटाउन अदालतमा मुद्दा हालेका हुन् । नेपाली आयातकर्ताले 'इसिटिएस' सेवाबापत पर्ने शुल्क अधिक भएको भन्दै घटाउन माग गर्दै आएका छन् । अब गत १७ देखि कोलकाताबाट पनि 'रेल बन्ड' (रेलबाट ढुवानी तय) कार्गोमा यो लागू गरिएको हो । यसका लागि साधनका रूपमा 'इसिटिएस'लाई प्रयोगमा ल्याइएको छ ।




## मिथिला दर्शन

टीभी कार्यक्रम हेर्न नभुल्नु होला ।

मिथिलाको धर्म, संस्कृति र संस्कारको संरक्षण, सम्बर्द्धन, प्रबर्द्धन र विशेष जानकारी दिनका लागि मैथिली संस्कृतिको साप्ताहिक टी.भी. कार्यक्रम मिथिला दर्शन NEWS 24 टेलिभिजनमार्फत् हरेक बुधबार बिहान ५:३० बजे र कार्यक्रमको पुनः प्रसारण हरेक बिहीबार राति १:३० बजे नियमित रूपमा प्रसारण हुँदै आइरहेको छ ।

**विशेष जानकारीका लागि सम्पर्क**

**मोबाइल : ९८४३१४६४८८**

**कार्यक्रममा राय, सल्लाह, सुझाव र प्रतिक्रिया दिनका लागि**

Email : bsmedia65@gmail.com


**मधेशवाणी प्रा.लि.**द्वारा प्रकाशित, कार्यकारी सम्पादक : **रामसुकुल मण्डल**, कार्यालय : मधेश मिडिया हाउस, अनामनगर, काठमाडौं, फोन नं. ०१-५७०६१४२, ५७०६१४१, फ्याक्स : ५७०६१४१, Email : madheshvani@gmail.com, Website : www.madheshvani.com, मुद्रण : **धिम्ले अफसेट प्रेस**, काठमाडौं